का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ असार २०८१,
शनिबार
13 July 2024,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १५१ । पृष्ठ ८ — Madhyanha National Daily — www.madhyanhadaily.com

# त्रिशूलीले बगायो यात्रुसँगै दुई वटा बस

वीरगञ्जबाट काठमाडौंका लागि हिँडेको एन्जल डिलक्स बस र काठमाडौंबाट गौर हिँडेको बसलाई लेदोसहितको पहिरोले बगाएको हो । दुई वटा बसमा ६० बढी यात्रु सवार थिए ।



बेपत्ता भएका बस र यात्रुको खोजी कार्यमा खटिएका सुरक्षाकर्मीहरु । तस्बिर : रासस

**शिव विक/मध्यान्ह**
काठमाडौं, २८ असार ।

त्रिशूली नदीमा दुई वटा बस खस्दा ४५ बढी यात्रु वेपत्ता भएका छन् । प्रहरीका अनुसार नारायणगढ-मुग्लिन सडक खण्डमा शुक्रबार बिहान ३ बजेतिर गएको पहिरोले बस पुरेको थियो ।

दुर्घटनाबाट ज्यान जोगाएकाहरुले दिएको वयान अनुसार पहिरोमा परेको बस त्रिशुली नदीमा बगेको छ । यद्यपि शुक्रबार साँझसम्म बेपत्ता भएको बस फेला पर्न सकेन ।

भरतपुर महानगरपालिका-२९ स्थित सिमलतालमा पहिरोले बगाउँदा बेपत्ता भएका दुई बसमा सवार यात्रुको संख्या यकिन भएको छैन । तर ४५ जना भन्दा बढी रहेको र उनीहरुको नाम समेत थाहा लागेको प्रहरीले जनाएको छ ।

बेपत्ता भएका बस खोज्ने क्रममा नदीबाट गोताखोरको टोलीले बसमा लगाइएको पर्दा निकालेको छ । हुक लगाएर खोज्ने क्रममा बसमा लगाइएको पर्दा र एउटा ट्राउजर निकालिएको प्रहरीले जनाएको छ । उक्त पर्दा वीरगञ्जबाट काठमाडौंका लागि हिडेको पृष्ठ २ मा

### शोकमा कास्की

## पहिरोमा परे एकै परिवारका ६ जना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असार ।

कास्कीका विभिन्न स्थानमा गए राति पहिरोमा परेर ११ जनाको मृत्यु भएको छ ।

पोखरा १० पुरुनचौर तल्लाकोटका कुलबहादुर परियारको घर पहिरोमा पुरिँदा सात जनाको मृत्यु भएको छ ।

मृत्यु भएका सातमध्ये पाँचजनाको सामूहिक दाहसंस्कार गरिएको छ ।

पुरुनचौरका कुलबहादुर परियारको घर गए रातिको पहिरोमा पुरिँदा उनको परिवारका छसहित सातजनाको मृत्यु भएको हो । थियो ।

मृतकमध्ये पाँचजनाको माछापुच्छ्रे गाउँपालिका-२ स्थित सेती नदीको चिन्तेबगर घाटमा सामूहिक दाससंस्कार गरिएको हो ।

पहिरोमा मृत्यु भएका कुलबहादुरसहित उनका आमा ८५ वर्षीया लक्षिमा, पत्नी ४३ वर्षीय मनकुमारी, १५ वर्षीय छोरी प्रशना र छिमेकी राधिका परियारको सेतीमा अन्त्येष्टि गरिएको हो ।

सोही घटनामा मृत्यु भएका स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका बस्ने स्वर्गीय कुलबहादुरका छोरी प्रभा र ज्वाइँ अस्मित परियारको दाहसंस्कार भने अस्मितका बुबा वैदेशिक रोजगारीमा रहेकाले उहाँ स्वदेश आएपछि मात्र गरिने परिवारजनले जनाएको छ । कास्कीका तीन छुट्टाछुट्टै स्थानमा गए रातिको पहिरामा परेर ११ जनाको मृत्यु भएको थियो । पृष्ठ २ मा

## पौडिएर तीन जनाले जोगाए ज्यान

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ असार

त्रिशूली नदिमा बगेका दुइटा बसमा सवार तीन जना यात्रु भने पौडी खेलेर किनारामा निस्किएका छन् । उनीहरुले पौडिएर तीन जनाले ज्यान जोगाएका हुन् ।

रौतहटको देवाही गोनाही नगरपालिकाका दुई जना र वृन्दावन नगरपालिकाको सिसवा धमौराका एक जना यात्रुले हामफालेर जीवन जोगाएका हुन् । उनीहरुलाई बस खसेको स्थानबाट उद्धार गरिएको छ ।



रौतहटका नन्दन यादवले बसको सिसा फुट्दा झ्यालबाट निस्किएर बाँच्न सफल भएको बताए । खाना खाएर बस चढेको एक घण्टापछि बस दुर्घटना भएको उनले सुनाए ।

उपचार गरेर फर्किँदै गरेका गरुडा-९ रौतहटका जुगेश्वर राय यादवले आफ्नो परिवारका चार जना बाहिर निस्किन नसके पनि आफू त्रिशूलीबाट बाहिर पृष्ठ २ मा

# २८ असारको संयोग



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ असार ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीमा दाबी पेस गरेका छन् । शुक्रबार राति राष्ट्रपति भवन शीतल निवास पुगेर दुई वा दुई भन्दा बढी दलको समर्थनमा बन्ने सरकारका लागि दाबी पेस गरेका हुन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत नपाएसँगै रामचन्द्र पौडेलले संविधानको धारा ७६ (२) बमोजिम बहुमतको सरकार गठनका लागि आह्वान गरेका थिए ।

लगत्तै एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीमा दाबी पेस गरेका हुन् । ओलीले संघीय संसद्को पहिलो दल कांग्रेसका ८८ र दोस्रो दल एमालेका ७७ गरी १६५ सांसदको समर्थनमा प्रधानमन्त्रीमा दाबी पेस गरेका हुन् ।

संसद्का अन्य साना दलहरु जसपा, जनमत, जसपा नेपाल, लोसपा र नागरिक उन्मुक्ति पाटीसमेत कांग्रेस-एमाले गठबन्धन सरकारकै पक्षमा भए पनि ओलीले कांग्रेस र एमालेको मात्रै हस्ताक्षर लिएर प्रधानमन्त्रीमा दाबी पेस गरेका छन् ।

> तीन वर्षअघि २०७८ साल असार २८ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री पदबाट मुक्त भएका थिए । ठिक तीन वर्षपछि ओलीले प्रधानमन्त्रीमा दाबी प्रस्तुत गरेका छन् । स्पष्ट बहुमत जुटाएकाले उनको सत्तारोहण निश्चित छ ।

राष्ट्रपतिको आह्वानबमोजिम प्रधानमन्त्रीमा दाबी पेस गर्न एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवा शितलनिवास गएका थिए । शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत माग्दै राखेको प्रस्ताव प्रतिनिधिसभाबाट अस्वीकृत भएपछि संसद् सचिवालयले दाहालले विश्वासको मत लिन नसकेको जानकारी राष्ट्रपति कार्यालयलाई गराएको थियो ।

लगत्तै राष्ट्रपति पौडेलले नयाँ सरकार गठनका विषयमा कानुनविद्हरुसँग छलफल गरेका थिए । संविधानको धारा ७६ (२) वा (३) मध्ये कुन उपधारा बमोजिम नयाँ सरकार गठन हुने भन्ने विषयमा बहसका बीच राष्ट्रपति पौडेलले संविधानविद्हरुसमेतको परामर्शमा संविधानको धारा ७६ (२) बमोजिमकै सरकार गठनका लागि आह्वान गरेका हुन् ।

संविधानको धारा ७६ (२) मा राष्ट्रपतिले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## इजरायलका लागि आवेदन दिने अवधि थप

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असार

वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदारका लागि आवेदन दिने अवधि थप गरेको छ । विभागले एक सूचना जारी गर्दै आगामी साउन ११ गतेसम्म आवेदन दिन सकिने बताएको छ । यसअघि विभागले साउन १ गतेसम्म आवेदन गरिसक्नुपर्ने बताएको थियो ।

विभागले आवेदन दिन अंग्रेजी भाषा परीक्षाको जाँच दिइसकेपछि परिणाम प्राप्त गर्न समय लाग्ने भएको र नेपालस्थित ब्रिटिश काउन्सिलबाट लिइने फाउन्डेसन इङ्लिस टेष्टका लागि साउन १ गतेभित्र नाम रजिस्ट्रेशन गराइसकेकाले मात्रै आवेदन गर्न सक्ने पनि बताएको छ ।

विभागले नेपाली कामदारका लागि आकर्षक श्रम गन्तव्य मानिने इजरायलबाट ८ सय नेपाली कामदारको डिमाण्ड आएको भन्दै आवेदन माग गरेको हो । इजरायलले माग गरेको ८ सय जना कामदारमध्ये ५ सय मुख्य उम्मेदवार हुनेछन् भने बाँकी ३ सयलाई वैकल्पिकमा राखिने छ । ८ सयमध्ये ६० प्रतिशत अर्थात ४ सय ८० महिला र ४० प्रतिशत अर्थात ३ सय २० जना पुरूष छनोट हुनेछन् । इजरायलमा नेपाली केयरगिभरको तलब २ लाख १० हजार रुपैयाँ छ भने करार अवधि १ वर्षको भए पनि अवधि थपेर ५ वर्षसम्म इजरायल बस्न पाइने अवस्था छ ।




विभागका अनुसार २५ देखि ४५ वर्ष ननाघेको, कम्तीमा १ दशमलव ५ मिटर उचाइ भएको, कम्तीमा ४५ किलोग्राम तौल भएको, कक्षा १० उत्तीर्ण गरी अनमी वा सिएसएसम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १२ कक्षा पास गरी मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङसम्बन्धी कम्तीमा ३ महिनाको तालिम गरेका युवायुवतीले आवेदन दिन पाउने छन् ।

यस्तै योग्यता पुगेका आवेदकलाई गोला प्रथाबाट छनोट गरिने विभागले जनाएको छ । कामदारको तलब २ लाख १० हजार मासिक तलब तोकिएको छ । इजरायलमा केयरगिभरको रोजगारीका लागि अन्य योग्यताका अतिरिक्त न्यूनतम १४ महिना अवधि भएको राहदानी चाहिने दूतावासले जनाएको छ । यसअघि गत वर्ष साउनमा प्रकाशित सूचनामा पासपोर्टको उक्त अवधि कम्तीमा ३ वर्ष हुनुपर्ने उल्लेख थियो ।

यसैबीच विभागले इजरायल र जर्मनीको रोजगारीका नाममा ठगी भइरहेको सूचना प्राप्त भएकाले सचेत हुन पनि आग्रह गरेको छ ।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रू. २२००/- | रू. २२००/- |
| भित्री पृष्ठ | रू. १७००/- | रू. १४००/- |
| अन्तिम पृष्ठ | रू. १८००/- | रू. १८००/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. ५०००/- | रू. २५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रू. ३०/- |

ज्याकेट २ पेज रू. १५,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२६३६६, ५३२८२९८
इमेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com
वेबसाइट: www.madhyanhadaily.com

# ‘हनि ट्र्यापʼमा पारेर एक करोडको बार्गेनिङ, दुई जना पक्राउ

काठमाडौं/मस-हनि ट्र्यापमा पारेर लाखौं रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-७ घर भइ हाल काठमाडौंको बौद्ध बस्ने २० वर्षीया तेन्जी डोमा छिरिङ/डोल्मा लामा भन्ने सिर्जना तामाङ र सिन्धुपाल्चोकको जुगल गाउँपालिका-५ घर भइ हाल कागेश्वरी मनहरा मुलपानी बस्ने वर्ष २९ को सौरभ तामाङ भन्ने लिला बहादुर तामाङ रहेका छन् ।



उनीहरूले योजनाबद्ध तवरले महिला र पुरुषको समूहलाई सामाजिक सञ्जालमार्फत परिचालन गरेर फोन आदान-प्रदान गरी सम्पर्क तथा प्रत्यक्ष भेटघाट गराइ अश्लील भिडिओ बनाउने गरेको र उक्त भिडिओ पीडितलाई पठाएर डर त्रास देखाइ मोल मोलाई गर्ने गरेको प्रहरीले जनाएको छ ।

अनुसन्धानका क्रममा सौरभले पीडित पुरुषको फेसबुक आइडी सिर्जनाको ह्वाट्सएपमा पठाइ साथी बन्न लगाएको र सिर्जनाले पीडितसँग म्यासेन्जरमा कुरा गरी भेट्न आफ्नो कोठामा बोलाएको पाइएको छ ।

ती पुरुष कोठामा आउन मन्जुर भएपछि सौरभले आफ्नो मोबाइलद्वारा पीडितसँगको भिडिओ बनाउन सिर्जनालाई दिए र सिर्जनाले आफ्नो र ती पुरुषको अश्लिल भिडियो बनाइन् ।

उक्त भिडिओ सिर्जना र सौरभले पीडितलाई पठाइ उनीसँग सुरुमा १ करोडको बार्गेनिङ गरेका थिए । तर पछि १५ लाखमा कुरा मिलाएको अनुसन्धानका क्रममा खुलेको छ ।

पक्राउ परेका दुई जनालाई आपराधिक लाभ मुद्दामा थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

# प्रेस युनियन युरोपको अधिवेशन १४ जुलाईमा हुने

भरत प्रधान/मध्यान्ह
लिस्बन, २८ असार




नेपाल प्रेस युनियन युरोप शाखाको प्रथम अधिवेशन यही १४ जुलाइमा हुने भएको छ। जुममार्फत हुने अधिवेशनको तयारी तीव्र रुपमा भइरहेको शाखाले जनाएको छ । अधिवेशनलाई कांग्रेस महामन्त्री एवं पूर्व मन्त्री गगन थापाले विशेष सम्बोधन गर्ने कार्यक्रम तय भएको शाखाका संयोजक सञ्जयभक्त कडेंलले जानकारी दिए ।

कार्यक्रममा युनियनका केन्द्रीय अध्यक्ष शिव लम्साल विशेष वक्ताका रुपमा सहभागी हुने बताइएको छ ।

यस्तै कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य एवं युनियनका पूर्व केन्द्रीय महासचिव अजयबाबु शिवाकोटी, युनियनका केन्द्रीय नेतृत्व तथा युरोपमा क्रियाशील कांग्रेस नेताहरूको समेत सहभागिता रहने संयोजक कडेंलेले बताए ।

नेपाल पत्रकार महासंघ बेलायत शाखाका पूर्व महासचिव समेत रहेका कडेंलको संयोजकत्वमा तीन वर्ष अघि युनियनको युरोप शाखा गठन गरिएको थियो । शाखामा हाल युरोपका विभिन्न मुलुकमा क्रियाशील दुई दर्जन बढी लोकतन्त्रवादी पत्रकार आवद्ध छन् । अधिवेशनले आगामी कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

कडेंलको विशेष पहल र सकृयतामा युनियनको युरोप शाखा र बेलायत शाखा स्थापना भएको थियो ।

१४ जुलाइ आइतबार हुने अधिवेशन नेपाली समय अनुसार अपरान्ह ५:३० बजे र बेलायत र पोर्चुगलको समय अनुसार दिउँसो १२:३० बजे हुने बताइएको छ । लोकतन्त्रवादी पत्रकारहरुको छाता संस्था प्रेस युनियन हाल वैदेशिक शाखाको रुपमा युरोपसहित पोर्चुगल, बेलायत र युएइमा सक्रिय छ। अन्य देशमा पनि शाखा विस्तारको तयारी भइरहेको युनियनले जनाएको छ ।

# शिक्षाको गुणस्तर सुधार गर्न शैक्षिक बहस



सन्तोष पौडेल/मध्यान्ह
बर्दिया, २८ असार

बर्दियाको गेरुवा गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न उपायहरुको खोजी गर्न थालिएको छ ।

सामुदायिक विद्यालयको खस्किँदो सिकाइ उपलब्धिलाई उकास्न गेरुवा गाउँपालिको सहकार्यमा जंग्रार साहित्यिक वखेरीको आयोजनामा जन प्रतिनिधि, शिक्षा समिति, सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सरोकारवाला लगायतलाई एक ठाउँमा भेला गरेर शैक्षिक बहसमार्फत उपायहरुको खोजी गरिएको हो ।

पछिल्लो समय सामुदायिक विद्यालयको गुणस्तर खस्किँदै गएको अवस्थामा त्यसको जड पत्ता लगाउने लक्ष्यका साथ शैक्षिक बहस तथा अन्तरक्रियात्मक कार्यक्रम शुरु गरिएको जंग्रार साहित्यिक वखेरीका अध्यक्ष सोम डेमनडौराले बताए ।

‘सामुदायिक विद्यालयमा राज्यको करोडौं लगानी छ, उच्च शिक्षा हासिल गरेका र तालिम प्राप्त शिक्षकको व्यवस्था छ । तर विद्यालयमा विद्यार्थीहरुको सिकाइ उपलब्धि घटिरहेको छ । तह अनुसार विद्यार्थीको क्षमता विकास हुन सकेको छैन । यिनै समस्या हल गर्ने प्रयासस्वरुप शैक्षिक बहस अन्तरक्रियात्मक कार्यक्रम गरिएको हो ।’

कार्यक्रमका सहभागीहरुले विद्यालयको शैक्षिक गुणस्तर सुधार शिक्षकको एकल प्रयासबाट मात्र सम्भव नभएको भन्दै शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिलगायत सबै सरोकारवालाहरुको साझा प्रयत्नबाट मात्र गुणस्तर सुधार सम्भव भएको निष्कर्ष निकालेका छन् । उनिहरुले शैक्षिक गुणस्तर सुधारका निम्ती पाठ्यक्रममा नैतिक शिक्षा समावेश गरिनुपर्नेमा जोड दिएका छन् ।

विद्यालयमा सञ्चालित शैक्षिक गतिविधिको सरकारी संयन्त्र अभिभावक, जनप्रतिनिधि एवं सरोकारवालाहरुको नियमित अनुगमन तथा सुपरिवेक्षणले पनि शैक्षिक गुणस्तर सुधारमा टेवा पुग्ने शैक्षिक बहस अन्तरक्रियात्मक कार्यक्रमका सहभागिहरुको तर्क थियो ।

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ विद्यालयको व्यवस्थापकीय पक्षमा र शिक्षक शैक्षिक कृयाकलापमा विद्यार्थीहरुप्रति जिम्मेवार, जवाफदेही र उत्तरदायी बन्नुपर्नेमा उनीहरुको जोड थियो । गेरुवा गाउँपालिकाकाका अध्यक्ष जमान सिंह के. सी.को अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण शिखर दहितले गरेका थिए। एक्सन एडको आर्थिक सहयोग तथा कमैया महिला जागरण समाजको व्यवस्थापनमा कार्यक्रम सम्पन्न भएको हो ।

# हिमा गाउँपालिकाको प्रशासनिक भवनको शिलान्यास



**जुम्ला/मस-**हिमा गाउँपालिका जुम्लाले लामो समयपछि आफ्नो प्रशासनिक भवन शिलान्यास गरेको छ । गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर शाही र नेपाली कांग्रेसका पूर्वसभापति दिपबहादुर शाहीले एक कार्यक्रमका बीचमा भवनको शिलान्यास गरेका हुन् । प्रशासनिक भवन शिलान्यास भएपछि अब हिमा गाउँपालिकाको स्थायी केन्द्र बाजागाँडामा पक्का भएको छ ।

लामो समयदेखि जुगाँडमा रहेको सो केन्द्र हिमा गाउँपालिकाको बीच सेन्टरमा नभएका कारण जग्गाको खोजी समेत भएको थियो । गाउँपालिकाले सो क्षेत्रमा करिब ३९ सय मिटर जग्गा गाउँपालिकाको नाममा दर्ता गरिएको थियो । गाउँपालिका अध्यक्ष लक्ष्मण बहादुर शाहीका अनुसार हिमा गाउँपालिका ५ निवासी स्थानीय दानबहादुर शाहीले तीन हजार एक सय र दलविर शाहीले आठ सय वर्गमिटर जग्गा गाउँपालिकालाई निःशुल्क प्रदान गरेका हुन् ।

गाउँपालिका अध्यक्ष शाहीले १२ औं गाउँसभामा ऐतिहासिक निर्णय गरेर बाजागाडा स्थायी केन्द्र तोकिएपनि कार्यान्वयन हुने नहुने डर थियो ।

गाउँपालिका उपाध्यक्ष सुपर्ना शाहीले जग्गाकै लागि अदालत धाउँदै अगाडि बढेको भन्दै संघर्ष लामो भएको बताइन् ।

अध्यक्ष शाहीले प्रशासनिक भवन निर्माणका लागि बनाएको कार्यविधि अनुसार भवन अगाडि बढाइएको बताए । उनले भवनको लगानी ६० प्रतिशत नेपाल सरकार र ४० प्रतिशत हिमा गाउँपालिका लगानीमा प्रशासनिक भवन निर्माण हुने बताए । गाउँपालिकाको भवन अपांगतामैत्री, बालमैत्री बनाइने प्रतिबद्धता गरिएको छ । भवन शिलान्यास भएपछि अब हिमा गाउँपालिकाले स्थायी संरचनाको बाटो खुल्ने भएको छ । १० करोड बराबरको लगानीमा सो भवन निर्माण हुने भएको छ । कार्यक्रममा नेपाली कांग्रेस जुम्लाका पूर्वसभापति दिपबहादुर शाहीले गाउँपालिकाको स्थायी संरचना निर्माण गर्नका लागि गाउँपालिकाले गरेको दुःखको प्रशंसा गर्दै यो अभियानमा लाग्ने जग्गादातादेखि सबैलाई विशेष धन्यवाद दिए ।

# रेसुङ्गामा विद्युतीय चुल्हो वितरण

सुमन महतारा/मध्यान्ह
गुल्मी, २८ असार

गुल्मीको रेसुङ्गा नगरपालिका वडा नम्बर ५ मा विद्युतीय चुल्हो वितरण गरिएको छ। गत वर्ष तीन सय तीस घर परिवारलाई विद्युतीय चुल्हो वितरण गरिएको थियो ।

यस वर्ष ९० वटा चल्हो वितरण गरिएको वडा अध्यक्ष दुर्गा प्रसाद खनालले जानकारी दिए ।

नगरपालिकाले विद्युतीय सामग्रीको प्रयोग बढाउने ग्यास चुलो जस्तो आयतित बस्तुहरुलाई हटाउन हरेक घर र संघसंस्थालाई विद्युतीय चुल्हो वितरण गरिएको नगरपालिका प्रमुख खिलध्वज पन्थीले बताए ।



देशमै उत्पादन भएको विद्युत खपत गर्ने र राज्यको ढुकुटी देशमै खर्च गर्ने कार्यक्रमलाई अगाडि बढाउन उनले सबैलाइ आग्रह गरे । यो कार्यक्रम नियमित रुपमा सञ्चालन हुने उनको भनाइ छ ।

# ‘क्यास एप’मार्फत कारोबार गर्ने गिरोह पक्राउ

**काठमाडौं/मस-**काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले ‘क्यास एप’मार्फत रु पाँच करोड बराबरको कारोबार गरेको अभियोगमा पाँचजनालाई पक्राउ गरेको छ ।

मोरङ उर्लाबारी महानगरपालिका-८ घर भई हाल काठमाडौं रविभवन २२ वर्षीय गौरभ भट्टराई, सोही ठाउँका २३ वर्षीय सुजन दाहाल, ओखलढुंगा चम्पादेवी गाउँपालिका-६ का २२ वर्षीय सिद्धार्थ नेपाली, सुनसरी धरान उपमहानगरपालिका-१५ का २४ वर्षीय आशुतोष कोइराला तथा मोरङ उर्लाबारी महानगरपालिका-७ का २४ वर्षीय मिलन मिश्रलाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनका अनुसार आरोपितहरूले ‘क्यास एप’नामक अनलाइनको प्रयोग गरी अवैध आर्थिक कारोबार गरेको गोप्य सूचनाका आधारमा पक्राउ गरिएको हो । उनीहरूले ‘नगद एप सर्भर’को पहुँच दिई छवटा इसेवा वालेट, पाँचवटा आइपिएस खाता जडान र सोही खाता मेरो लिंकअप भएका १९ वटा विभिन्न बैंकका खाताहरूसमेतमा अवैध तरिकाले क्यास एपमार्फत रु पाँच करोड बराबरको आर्थिक कारोबार गरेको अनुसन्धानबाट खुल्न आएको सूचना अधिकारी आचार्यले बताए ।

उनका अनुसार पक्राउ परेकाहरूको साथबाट आइफोन पाँच थान, ल्यापटप तीन थान बरामद गरिएको छ। निजहरूलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-५ अन्तर्गत दफा १२५ (जुवा खेल्न वा सट्टाबाजी गर्न नहुने) कसुरमा र सोही संहिताको दफा २६२ (क) १ अभौतिक मुद्रा प्रयोग गर्न नहुने कसुरमा आवश्यक अनुसन्धान एवं कारबाहीको लागि जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको सूचना अधिकारी आचार्यले जानकारी दिए ।

# वर्गर हाउसलाई २ लाख रुपैयाँ जरिवाना

**काठमाडौं/मस-**काठमाडौं महानगरपालिकाले कलंकीमा रहेको वर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकेनलाई २ लाख रुपैयाँ जरिवाना गरेको छ ।

अनलाइन म.म अर्डर गर्ने ग्राहकलाई गन्ध भएको अस्वस्थ्यकर अचार पठाएको पुष्टि भएपछि ‘बजार व्यवस्थापन तथा अनुगमन ऐन’ बमोजिम शुक्रबार कारवाही गरिएको हो ।

महानगरपालिकाले आफ्नै कार्यालय भवनमा सञ्चालित नारायणी चमेना गृहलाई पनि २ लाख रुपैयाँ जरिवाना गरिएको छ । निरीक्षण अधिकृत एवं कृषि तथा पशुपन्छी विभागका प्रमुख नुरनिधि न्यौपानेले भने, ‘चमेना गृहबाट विक्री हुने खाना तथा खाजाको स्वच्छताका विषयमा उपभोक्ताबाट गुनासो आएपछि खाद्य प्राविधिकले निरीक्षण गरेर लिखित निर्देशन दिइएको थियो । यसरी दिइएको निर्देशनको पनि पालना नभएपछि कारवाही गरिएको हो ।’

असार २६ गते बेलुका सवा ६ बजेको अनलाइन अर्डरमा वर्गर हाउसले उपभोक्तालाई पठाएको म.म को अचारमा गन्ध आएको महसुस गरेपछि उपभोक्ताले यो विषय वर्गर हाउसलाई जानकारी गराए ।

महानगरपालिकाका खाद्य प्राविधिक अनिल बस्नेत घटनाका बारेमा जानकारी दिँदै भने, ‘गुनासो आएपछि वर्गर हाउसले फेरि अचार पठायो । यसपटक पठाएको अचारमा पनि गन्ध पाइएपछि उपभोक्ताबाट महानगर प्रहरी बलमा उजुरी आयो । यसरी आएको गुनासोको छानविन गर्दा खानेकुरामा स्वच्छता नभएको पुष्टि भएपछि कारवाही गरिएको हो ।’

उजुरीको छानविनका लागि कार्यालयमा बोलाइएका वर्गर हाउसका सञ्चालक बिक्रम गिरीले म.म को अचारमा गन्ध आएको स्वीकार गर्दै भने, ‘तयार पार्ने वित्तिकै फ्रिजमा राख्नु पर्ने अचार भुलवश बाहिर रहन गएकोले गन्ध आएको हो । यसमा कर्मचारीको लापरबाही भएको हो । खानाको स्वच्छतामा लापर्वाही गर्ने कर्मचारीलाई हामीले पनि कारबाही गरिसकेका छौं ।’ उनले यसपछि गुणस्तरमा कुनै गुनासो नआउने गरी सेवा दिने प्रतिबद्धता गरेका छन् ।

### शोकमा...

यस्तै, पोखरा महानगरपालिकामा १० र मादी गाउँपालिकामा एक जनाको पहिरोमा मृत्यु भएको छ ।

यसैगरी पोखरा -३२ चैनपुरस्थित बाह्रबिसेमा पहिरोको कारण तीन जनाको घटनास्थलमै मृत्यु भएको छ।

मादी गाउँपालिका-११ ताप्लेमा गए राति पहिरोमा परी बेपत्ता भएकी ८० वर्षीया माइतीकुमारी गुरुङको शव फेला परेको हो । लागि हिँडेको एन्जल डिलक्स बस र काठमाडौंबाट गौर हिडेंको बसलाई लेदोसहितको पहिरोले बगाएको हो ।

### त्रिशूलीले...

बसो पर्दा भएको बताइन्छ ।

सिमलतालमा बिहान करिब ३ बजे वीरगञ्जबाट काठमाडौंका

### २८ असारको...

सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने व्यवस्था छ ।

यस अनुसार ओलीले प्रधानमन्त्रीमा दाबी पेस गरेका हुन्। तीन वर्ष अघि २०७८ साल असार २८ गते एमालेका अध्यक्ष ओली प्रधानमन्त्री पदबाट मुक्त भएका थिए । ठीक तीन वर्षपछि ओलीले प्रधानमन्त्रीमा दाबी प्रस्तुत गरेका हुन्। स्पष्ट बहुमत जुटाएकाले उनको सत्तारोहण निश्चित छ ।

तीन वर्ष अघि ओली पदमुक्त भएपछि कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बनेका थिए । प्रतिनिधि सभा विघटन बदर गर्दै सर्वोच्च अदालतले ओली नेतृत्वको सरकारलाई परमादेशबाट हटाइदिएको थिया । तीन वर्ष अघि ओली पदमुक्त भएपछि प्रधानमन्त्री बनेका देउवा शुक्रबार ओलीका साथमा शीतल निवास पुगेका थिए ।

### पौडिएर...

निस्किएको सुनाए। बसमा उनका ३५ वर्षीय छोरी, १० वर्षीय छोरा, सात वर्षीया नातिनी र दुई वर्षीय नाती सवार थिए । भरतपुर अस्पतालमा उपचाररत रौतहटकै सरोजकुमार गुप्ता डिस्चार्ज भएका छन्। सामान्य अवस्थामा रहेका उनको उपचारपछि डिस्चार्ज गरिएको हो ।

## राहदानी हरायो

मिति २०८१/०२/१९ गतेका दिन महाराजगंज अमेरिकन एम्बेसीबाट पुल्चोकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने व्यक्तिले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : शोलु महतो
राहदानी नं. : PA0695124
ठेगाना : नवलपरासी (पूर्वी)
सम्पर्क नं. : ९८२४४१९१५०

## साउदीमा रोजगार | कम्पनी : MOHAMMED AWAID AL-BATHILI CONTRACTING EST
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१६१ LT. No.: 307470

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Asia Manpower Pvt. Ltd.
Govt. Lic. No. 1278/074/075
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Hotline.:+977 9802340340 | 9802340341
Email : admin@gulfasia.com.np web:www.gulfasia.com.np | Damak Branch: 9801615255

## कुवेतमा रोजगार | कम्पनी: ITALIAN LADIES BEAUTY SALOON INSTITUTE COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१५९ LT. No.: 307435

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६५,३९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | manicure Pedicure | 0 | 5 | | 150 | ६५,३९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9822506451, 9823461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIAL CAR WASH शहर: Saudi Arabia, Jeddah
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१६० LT. No.: 307474

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaners | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन: ०१-४७८३३४७, फ्याक्स: ०१-४७८३३४८

## जुम्लामा प्रहरीको सक्रियता

# ठूलो मात्रामा सुन, चाँदीसहित चोरीको गरगहना बरामद

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २८ असार



पछिल्लो समयमा जुम्ला प्रहरीले चोरी, डाँका लगायतका क्षेत्रमा सक्रियता बढाएको छ ।

जुम्ला प्रहरीले डाँका, चोरी आरोपमा पक्राउ गरिएका व्यक्तिबाट अनुसन्धान गरी ठूलो मात्रामा सुन, चाँदी, मुगा,मोती सहितका गरगहना बरामत गरेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार प्रहरीको विशेष अभियान अन्तर्गत मुगुमा हात हतियारसहित डाँका चोरीको घटनामा संलग्न व्यक्तिबाट साढे ३ तोला सुन, ६१.४२ तोला चाँदी, ४० थान मुगा, विभिन्न चाँदीको सिक्कासहित विभिन्न गरगहना बरामद गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी नायव उपरीक्षक छेदीलाल कामतीका अनुसार मुगुको घटनामा हात हतियारसहित पक्राउ गरी पठाइएका व्यक्तिबाट थप अनुसन्धान गर्दा उक्त सामग्री भेटिएको हो । उक्त सामग्री गुठिचौर गाउँपालिका ३ स्थित घटनामा संलग्न व्यक्तिको घरबाट बरामद गरिएको उपरीक्षक कामतीले बताए ।

प्रहरीले मुगुको डाँका चोरी मुद्दाका पक्राउ प्रतिवादी पातारासी २ तल्फी घर भइ कालेखोली ग्यारेजमा काम गर्ने तुल कामी, गुठिचौर ३ बस्ने आक्रोस भण्डारीसहित ५ जना पक्राउ गरी मुगु प्रहरीलाई जिम्मा लगाएको छ ।

सोही समुहबाट हतियारहरु एसएलआर थान १, कटुवा पेस्तोल २ थान, एसएलआर म्यागजिन २ थान, एस एल आरको राउण्डको गोली २५ थान, वाईनाकुलर १ थान,चाइनिज सेट ३, आर्मी कमब्याग पोसाक ५ जोर बरामद समेत गरिएको छ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय जुम्लाले पछिल्लो समय फरार अपराधी पनि धमाधम पक्राउ गर्न थालेको छ। विभिन्न अपराधमा फरार रहेका ४६ जना मध्ये २०८० साउनदेखि फागुनसम्म १६ जना प्रक्राउ गरिएको छ। जसमा पछिल्लो ३ महिनामा ३० जना पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक कामतीले जानकारी दिए। त्यस्तै प्रहरीले लागुऔषध अभियान तीव्र बताएको छ। यस वर्षमा जुम्ला प्रहरीले लागुऔषध अन्तर्गत २४ जना व्यक्तिलाई पक्राउ गरी कारवाही चलाइएको छ भने १ सय ८७ ग्राम ६४८ एमजी चरेश, १० ग्राम १८७ एमजी बाउन सुगर, तथा ३० वटा नाइट्रोजेपाम ट्याब्लेट बरामत गरिएको छ। लागुऔषध सचेतना कार्यक्रम गरिँदै आएको प्रहरीले जनाएको छ।

प्रहरीले आफुले गरेको नागरिक सुनुवाइ कार्यक्रममा सो विषयमा जानकारी गराएको थियो। प्रहरीले ४ सय २४ वटा सचेतनाका कार्यक्रम आयोजना गरिएको छ। प्रहरीका अनुसार चालु आवमा लागुऔषध दुर्व्यसनी विषयका मुद्दा १५ वटा जवरजस्ती करणी १२ वटा रहेका छन्। त्यस्तै प्रहरी नायव उपरीक्षक कामतीले जुम्ला प्रहरीले गरेको कामको प्रगति प्रस्तुत गर्दै यो आर्थिक वर्षमा जेठ महिनासम्म तीन हजार दुई सय ४९ वटा सवारी कारबाहीमा २२ लाख ३७ हजार पाँच सय रुपैयाँ राजश्व संकलन गरेको बताए।

यसैगरी जिल्ला प्रहरीमा १ सय २५ वटा मुद्दा दर्ता भएका मध्ये ७५ वटा मुद्दा फच्र्छौट गरिएको छ। प्रहरीमा महिला सेलतर्फ निवेदन दर्ता संख्या ८१ मध्ये ५७ वटा निवेदन फछ्र्यौट भएका छन्।

त्यस्तै १ सय ३८ हराएका मानिसहरु मध्ये १ सय ४ जना फेला परेका छन्। त्यस्तै छानविनका लागि ६ सय ६२ निवेदन दर्ता भएकाले ५ सय ५८ उजुरी फछ्र्यौट भएका छन्। यस वर्ष जिल्लामा प्राकृतिक प्रकोपमा ५ मा घर पूर्ण क्षति भएका छन्।

# लुम्बिनी प्रदेशमा डेंगु संक्रमित बढे

**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, २८ असार




लुम्बिनी प्रदेशमा डेंगु संक्रमितको संख्या बढ्दै गएको छ। प्रदेशमा हालसम्म १ सय ७९ जनामा डेंगुको संक्रमण देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। जसअनुसार लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये पाल्पामा सबै भन्दा धेरै जनामा डेंगु संक्रमण देखिएको छ।

पाल्पामा ६३ जनामा संक्रमण देखिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ। यस्तै सो अवधिमा रुपन्देहीमा ५० जनामा, बाँकेमा १९ जनामा, दाङमा १८ जनामा, अर्घाखाँचीमा १६ जनामा, बर्दियामा ७ जनामा, रोल्पा र प्युठानमा २/२ जना, रुकुम पूर्वमा र कपिलवस्तुमा १र१ जनामा संक्रमण देखिएको छ।

गुल्मी र पश्चिम नवलपरासीमा यो अवधिमा भेटिएको रेकर्ड प्रदेश स्वास्थ्य निर्देशनालयसँग छैन। प्रदेश स्वास्थ्य निर्देशनालय तथ्यांक अधिकृत मानबहादुर ओलीले यो सिजनमा हालसम्म १ सय ७९ जना भेटिएको र पछिल्लो समय वृद्धि हुँदै गएको बताए।

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा फिजिसियन डाक्टर नन्दु पाठकले अहिले अस्पतालमा फाट्फुट् डेंगु रोगी आएको बताए।

# मकवानपुर क्याम्पस र सिएमसी चुरेहिल अस्पतालबीच सम्झौता

**राजकुमार केसी/मध्यान्ह**
मकवानपुर, २८ असार



अखिल क्रान्तिकारी मकवानपुर बहुमुखी क्याम्पस कमिटीको पहलमा मकवानपुर बहुमुखी क्याम्पस र सिएमसी चुरेहिल अस्पतालबीच क्याम्पसको विद्यार्थी, प्राध्यापक, कर्मचारीको उपचारमा छुट सम्बन्धी सम्झौता भएको छ।

शुक्रबार भएको सम्झौतामा क्याम्पसका विद्यार्थी, प्राध्यापक, कर्मचारीको उपचारमा २० प्रतिशत, औषधि खरिदमा ७ प्रतिशत छुट हुने उल्लेख गरिएको छ।

क्याम्पसको परिचयपत्र र सिफारिसको आधारमा उक्त स्वास्थ्य सुविधा उपलब्ध गराउने अस्पताल प्रशासनले जनाएको छ।

सम्झौतापत्रमा मकवानपुर बहुमुखी क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख डा.यम सिलवाल र अस्पतालका अध्यक्ष प्रताप देवकोटाले हस्ताक्षर गरेका छन्।

सम्झौतामा अस्पतालले क्याम्पसमा अतिथि प्राध्यापकमार्फत शिक्षणमा सहयोग गर्ने र विज्ञान संकायका विद्यार्थीहरुलाई अभ्यासको लागि प्रयोगशाला उपलब्ध गराउने उल्लेख गरिएको छ।

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु, कार्यरत प्राध्यापक र कर्मचारीहरुको स्वास्थ्य उपचारमा सहज बनाउन क्याम्पस र सिएमसी चुरेहिल अस्पतालबीच उपचार लगायतको सम्झौता गर्न पहल गरिएको अखिल क्रान्तिकारी मकवानपुर बहुमुखी क्याम्पस कमिटी अध्यक्ष अभ्युदय खनालले जानकारी दिए।

# भगवानपुर स्वास्थ्य केन्द्रमा सेवाग्राहीले पाएनन् 'इमरजेन्सी' सेवा



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २८ असार

सिरहाको भगवानपुर गाउँपालिकको प्राथमिक स्वास्थ्य केन्द्रको अवस्था नाजुक देखिएको छ।

गाउँपालिका अध्यक्ष उग्रनारायण यादवले निवार्चित हुने बित्तिकै तामझामका साथ २०७९ साउन १ मा प्राथमिक स्वास्थ्य केन्द्रमै 'इमरजेन्सी' सेवा शुभारम्भ गरेका थिए।

उनले इमरजेन्सी सेवा सञ्चालनमा ल्याएपछि जनताले अब स्वास्थ्य सेवामा सुधार हुने आशा गरेका थिए। तर प्राथमिक स्वास्थ्य केन्द्र र इमरजेन्सी सेवा कागजमै सिमित बनेपछि जनता निराश बनेका छन्। गाउँपालिकामा अध्यक्ष यादव निर्वाचित भएपछि हरेक क्षेत्रमा सुधार हुन्छ भन्ने सोचेका थिए, तर झन् अवस्था बिग्रिएको रातीको समयमा उपचारको लागि गएका स्थानीय एक युवकले गुनासो गरे। उनले भने, 'उपचार गराउन यहाँका जनता अझै टाढाको अस्पताल जानुपर्छ। जसका कारण जनता आर्थिक मारमा परिरहेका छन्।'

बिहीबार राति दुई जान बिरामी राति १ : ४० को समयमा प्राथमिक स्वास्थ्य केन्द्र भगवानपुर इमरजेन्सीमा जाँदा ताला लागेको थियो।

भित्र रहेको डाक्टर र कार्यालय सहयोगिले उल्टो हप्काउँदै उपचार हुँदैन जाऊ भन्दै फर्काएको उनीहरुले गुनासो गरेका छन्।

प्राथमिक स्वास्थ्य केन्द्र भगवानपुरका निमित्त प्रमुख राजेश यादवलाई उपचार नपाएको बारेमा जानकारी गराएका छन्। तर पनि प्रमुखले कुनै चासो देखाएका छैनन्।

पीडितले प्राथमिक स्वास्थ्य केन्द्रको लापरबाही बारेमा जानकारी दिन गाउँपालिकाका अध्यक्ष यादवलाई फोन सम्पर्क गर्न खोज्दा सम्पर्क हुन नसकेको बताएका छन्।

चुनावका बेला आफू युवा भएको र गाउँको विकास निर्माणलाई पहिलो प्राथमिकता दिने भन्दै जनताको घरदैलोमा भोट माग्दै हिँडेका अध्यक्ष यादव अहिले भने तीनै जनतासँग टाढिदै गएको भन्दै उनीहरुले गुनासो गरे।

# शितगंगा नगरपालिकामा 'ड्रमस्टिक ट्री'को बिरुवा वितरण

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ असार



गरिवी निवारणको लागि जैविक खेती अभियानको आयोजना, यूएनडिपी गिफ एसजिपीको आर्थिक सहयोगमा अर्घाखाँचीको शितगंगा नगरपालिकामा मरिङ्गाको बिरूवा वितरण गरिएको छ।

वडा नं ५ र ६ जुकेनामा ४ हजार पाँच सय बिरूवा वितरण गरिएको हो। 'ड्रमस्टिक ट्री' अर्थात् 'चमत्कारी रूख' भनेर समेत परिचित मरिङ्गा खेतीले पर्यावरणीय, पोषणात्मक, र आर्थिक लाभ प्रदान गर्दै स्थानीय समुदायको स्वास्थ्य, वातावरण, माटोको गुणस्तर सुधार, अन्य बालीहरूको उत्पादनमा पनि वृद्धि, ग्रामीण क्षेत्रमा रोजगारीको अवसर सिर्जना, आत्मनिर्भरता, आर्थिक अवस्थालाई सुधार, पोषण, पर्यावरण संरक्षण र आर्थिक समृद्धि जस्ता विविध क्षेत्रहरूमा महत्वपूर्ण योगदान पुऱ्याउने संस्थाका अध्यक्ष पर्शुराम आचार्यले बताए।

गरिबी निवारणको लागि जैविक खेती अभियानका अध्यक्ष आचार्यको अध्यक्षतामा भएको बिरुवा हस्तान्तरण कार्यक्रममा शितगंगा नगरपालिका वडा नं ५ का वडा अध्यक्ष चन्द्रमणी बेल्वासे, कार्यक्रम संयोजक शिव बेल्वासे, कृषि प्राविधिक भिमलाल घिमिरे, साझा फूलबारी महिला कृषि सहकारी संस्थाका अध्यक्ष बसन्ता आचार्य, व्यवस्थापक मिना पौडेल लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा शितगंगा नगरपालिका वडा नं ५ र ६ का ६२ जना महिला कृषकहरूको सहभागिता रहेको थियो।

## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EFTHYMIOS MAMMIDES -233 शहर : Cyprus
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५१९२ LT. No.: 300098 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 2 | 13 | स. काममा दक्ष | 400 | ५७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AGNI overseas
अग्नि ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी-२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१-४९५०३८९, मो.: ९८४०४११७८५

## कुवेतमा रोजगार

कम्पनी: MOMENTS NAILS BEAUTY SALOON CO.FOR LADIES S.P.C
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१५५ LT. No.: 307401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salon Worker | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६५,३९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner(Indoor) | 0 | 1 | | 90 | ३९,२३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

C.D. HR
Gov. Lic. No. 1048/073/74
C.D. Human Resources Pvt. Ltd.
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9808793080/ 9818272436/ 9826035409 /9823772238

## युएईमा रोजगार

कम्पनी: READY FORCE SERCURITY SERVICES
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/०३ चलानी नं.: ६०२१३२५१ L.T. No.: 298165 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८१ साउन ६ गते (21 July 2024) मा हुनेछ ।
सिपी होटल, विर्तामोड, झापामा २०८१ साउन ७ गते (22 July 2024) मा हुनेछ ।
मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ८ गते (23 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Age 22 to 42, Height 5 ft 7", Qualification : SLC attested by MOFA,
Uae को सरकारी निकायमा काम गर्नुपर्ने साथै यसै कम्पनीको लागि Male cleaner हरुको पनि माग भएकोले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRESTIGE ASSOCIATES PVT. LTD.
श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५
Baneshwor, Kathmandu, Nepal
Phone No. : 01 5970092 | 9702624732 | 9802377311
Dhakal : 9802377311, Sailesh : 9802377388, David : 9802377300

## साउदी र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALSUHAIMI FOUNDATIONS CO. शहर: Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१५४ LT. No.: 307404

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 4 | 0 | | 1000 | ३५,५७० | | | | | | | |
| 3. | welder | 3 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ र ६ गते (20 & 21 July 2024) मा हुनेछ ।

कम्पनी: AL WAAB PLASTIC FACTORY शहर: DOHA
पुर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१५३ LT. No.: 307426

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 19 | 0 | स. काममा दक्ष | 1300 | ४७,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Euro-Asia Employment Service Pvt. Ltd.
Govt. Lic: 548/062/63
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

## युएईमा रोजगार

कम्पनी : SEAH STEEL UAE LLC
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१५६ LT. No.: 307454

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | 30 | 0 | स. काममा दक्ष | 950 | ३४,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RHEE
License No.: 629/063/64
Rhee Human Resources Pvt. Ltd.
Balkumari, Lalitpur, Nepal, Phone (Office): . 01-4515356, 4513898

## Urgently Wanted

A leading foreign employment agency is seeking for smart, hard working & experienced candidates for the following position urgently.

**1. Receptionist :- 1 (Female)**
- Minimum +2 Passed, fluent in English, well computer knowledge.
- Minimum2 years experienced in related field.

**2.Documentation Officer - 2 (Female)**
- Excellent verbal & written communication skill both in English & Nepali.
- Sound knowledge of computer

**3.Public Relation Officer - 4 (M/F)**
- knowledge of Hospitality.
- Minimum 5 years experienced in related field.

Salary: Negotiable.
Please send your CV in followig address

Apps Services Pvt.Ltd.
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel. 5186018/ 9818111355
Email:- infoapps1172@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonsmos.co.np
www.harvestmoongroup.com

कृषिका कुरा...

# कृषि क्रान्तिको ‘किम्ताङ मोडल’

यतिबेला किम्ताङका पाखा टहरा र टनेलले भरिएका छन् । चियाका बुट्यानले बगानको स्वरुप ग्रहण गर्दैछ, समग्रमा किम्ताङबासीको पसिना र पौरखले किम्ताङको परिचय बदल्दै छ । श्रम र पसिना बेच्न विदेश पुगेका युवाहरु गाउँ फर्किएका छन् ।



■ नारायण नेपाल





नुवाकोट जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित एउटा गाउँ छ, किम्ताङ। साबिकको किम्ताङ गाविस हालको म्यागङ गाउँपालिका वडा नं. ४ को यो क्षेत्र उच्च पहाडी क्षेत्र हो। कुनै समय पूरै गाउँ नै पहिरो आतङ्कका कारण सधैँ चासो र चर्चामा हुन्थ्यो। यही क्षेत्र यति बेला भने कृषि उत्पादनको नमुना गाउँका रूपमा चर्चामा छ।

५० को दशकमा किम्ताङको आलु प्रख्यात थियो, नुवाकोट र आसपासका जिल्लामा। किम्ताङबासी आलु बोकेर धान गहुँ साट्न तल्लो क्षेत्रका गाउँमा पुग्दथे। केही दशक अघिसम्मको किम्ताङका किसानको कर्म थियो। त्यसपछिका दिनहरूमा किम्ताङले उत्पादन नगरेको होइन, तर समस्या बजारको विस्तारमा देखियो।

१५ वर्ष विदेशमा बसेर दुःख गर्दा पनि राम्रो कमाइ नभएपछि गाउँ फर्केका किम्ताङका प्रताप तामाङ सामाजिक कामसँगै कृषिमा उत्तिकै क्रियाशील छन्। कृषिबाट राम्रो आम्दानी मात्रै होइन, सिङ्गो गाउँको परिचय फेरिएकोमा उनी दङ्ग छन्। “बेलुका साँझको बत्ती बालियो अहिले पैसा छैन भन्दै फर्काउँथे। बिहानै पुगे, बिहानै बोहनी भएको छैन पैसा दिन हुँदैन भन्दै फर्काइन्थ्यो। न त्यो तरकारीको भारी बोकेर घर ल्याउनु न त्रिशूलीमा बगाउनु ?”, उबेलाको किसानका समस्या सुनाउँदै उनी भन्छन्। तरकारीको भारी लिएर दिनभरको मेलो माया मार्दै बजार पुगेका किसानलाई कम्ता सास्ती थिएन।

समय फेरियो, यति बेला किम्ताङको तरकारीले मोटर गाडी भरिन्छ र तरकारी टाढाको बजार पुग्दछ। अब किसानले डोको बोकेर गाउँ चहार्ने झन्झट र बजारियाले दिने सास्तीबाट मुक्ति पाएका छन्।

करिब दशकअघि गाउँमा अर्थोपार्जनको केही उपाय नदेखेपछि किम्ताङका अधिकांश युवा विदेशिने क्रम सुरु भएको थियो। गाउँका पाखाबारी बाँझै राखेर युवा परदेशिएका थिए। बुढापाका र बालबच्चाले केही गर्न सक्ने अवस्था थिएन। तर, २०७२ सालमा आएको महा-भूकम्पपछि अवस्था फेरियो।

भूकम्पले गाउँमा ठुलो क्षति भयो। त्यसपछि गाउँमा बृहत राहत र उद्धार अभियान पनि चल्यो। त्यही राहत अभियानका बेला कृषिका केही नमुना र सामूहिक कामको थालनी भएको देखिन्छ।

राहत र उद्धार अभियान सकिएपछि किम्ताङको कृषि क्षेत्रले फड्को मार्ने पाइला चाल्न थाल्यो। भूकम्पपछि पुनर्निमाण भएका घर बस्तीमा उत्पादन योजना नबनाउने हो भने परदेशिने क्रम बढ्ने र गाउँ रित्तिने अवस्था थियो। यसरी घरघरबाट परदेशिनुपर्ने स्थितिको अन्त्यका लागि पनि स्थानीयमा कृषि क्रान्तिको चेत बीजारोपण त्यही बेला भएको थियो। बनाएका घर रित्याएर सबै युवा परदेशिनु हुँदैन भन्ने चेतनाले स्थानीयलाई कृषि कर्ममा डोऱ्यायो। विदेश नजाने हो भने गाउँमा केही गर्नुपर्छ। केही भनेको खेती अर्थात् कृषि।

यति बेला किम्ताङका पाखा टहरा र टनेलले भरिएका छन्। चियाका बुट्यानले बगानको स्वरूप ग्रहण गर्दैछ, समग्रमा किम्ताङबासीको पसिना र पौरखले किम्ताङको परिचय बदल्दै छ। श्रम र पसिना बेच्न विदेश पुगेका युवाहरू गाउँ फर्किएका छन्। गाउँमा कृषिको अभियानमा यसरी फर्किएकाहरू नै बढी सक्रिय छन्। पछिल्लो एक दशकमा किसानको तहबाट भएको कृषि उत्पादनको यो आमूल परिवर्तनलाई कृषि क्रान्तिको नमुना मोडलको रूपमा लिन सकिन्छ।

पहिरो गाउँबाट कृषि गाउँमा रूपान्तरित हुँदै गरेको किम्ताङमा चालु आर्थिक वर्षको एक बाली अर्थात् एक सिजनमा छ करोड ५० लाख मूल्य बराबरको गोलभैँडा, एक करोड ५० लाख बराबरको आलु र २६ लाख बराबरको किवी बिक्री भएको स्थानीय तथ्याङ्क छ।

वैदेशिक रोजगारीबाटै फर्किएका स्थानीय निङ्मार तामाङ यति बेला यहाँका जनप्रतिनिधि समेत हुन्। राजनीति, सामाजिक काम र कृषि खेतीलाई सँगसँगै अगाडि बढाएका उनी गाउँका अगुवा नै मानिन्छन्। व्यावसायिक कृषिको माध्यमबाट गाउँलेको दैनिकी फेर्न सकिन्छ र आयआर्जनको राम्रो सम्भावनाले वैदेशिक रोजगारीलाई रोक्न सक्छ भन्ने अनुभूति उनी आफैँसँग छ।

सहिद प्रतिमा स्मृति सहकारीले आफ्नै लगानीमा गाउँमा ३५ रोपनी जग्गामा आलु खेती गरेको छ। किम्ताङको नमुना उत्पादन अभियानलाई अझै प्रभावकारी बनाउन सहकारीमार्फत गरिएको सामूहिक उत्पादनको यो योजना लोभलाग्दो छ। सहकारीका अध्यक्ष सोमबहादुर तामाङ गाउँलेलाई संगठित गरेर थालिएको सामूहिक खेती कार्यक्रम प्रभावकारी रहेको बताउँछन्।

सहकारीले सदस्यहरूलाई समेटेर हालै किवी खेतीसमेत सुरु गरेको छ। सात सय घरधुरी रहेको

> “ नेताले काम त गरेनन्, तर गाउँलेले काम गरे । उत्पादनमा आत्मनिर्भरता र छुट्टै पहिचानको निर्माण किम्ताङले गर्दैछ । विगतमा किम्ताङको पहिरोलाई नेताहरूले पर्यटकीय गन्तव्य बनाएजस्तो किम्ताङको कृषिलाई देखाएर भजाउने र कागजपत्र मिलाउने काम कर्मचारी र नेताहरूले अब नगरुन् ।

किम्ताङमा तरकारीका पाँच हजार टनेल निर्माण भएका छन्। यो गाउँबाट मौसमका बेला एकै दिन आठ लाख बराबरको तरकारी बिक्री हुन्छ। यहाँ बेमौसमी तरकारी र फलफूल खेती पनि उत्तिकै हुन्छ।

यस क्षेत्रको वामपन्थी राजनीतिका सूत्रधार एवम् अगुवा किसान हुन् सरमान तामाङ। अर्ग्यानिक चिया उत्पादक सहकारीका अध्यक्षसमेत रहेका तामाङले किम्ताङमै व्यावसायिक चिया खेती गर्छन्। किम्ताङमा करिब २५ सय रोपनी क्षेत्रफलमा चिया बगान फैलिएको छ। चियाका लागि किम्ताङको हावापानी उचित रहेको बताउँछन् तामाङ।

यहाँ अहिले करिब चार सय घरधुरीले चिया खेती गरेका छन्। प्रतिघरधुरीले वार्षिक छ देखि सात लाख रुपैयाँको आम्दानी चिया खेतीबाटै गरिरहेको तामाङको भनाइ छ। सामान्यतया अर्ग्यानिक अर्थोडक्स चिया १० देखि १२ दिनको अन्तरमा टिप्न मिल्छ। यति बेला किम्ताङको बगानमा ९० हजार केजीसम्म हरियो पत्ति उत्पादन भएको चिया खेती गरिरहेका किसानको दाबी छ।

३० रोपनीमा गरेको चिया खेतीले वर्षमा ६ देखि ७ लाख मात्रै कमाइ भएको किसान सबिना तामाङले बताए। उनका अनुसार चिया किसानले सिल्भर टि ६ हजार ५ प्रतिकेजी, गोल्डेल टि २५ देखि २८ सय प्रतिकेजी र ब्ल्याक टि एक हजारदेखि १२ सय प्रतिकेजीसम्म बिक्री हुने गरेको छ।

चिया खेती विस्तारको यो अभियानमा स्थानीय सरकार पनि सामेल छ। वडा नम्बर ४ का अध्यक्ष कमल तामाङले गाउँको बाझिएका र ऐलानी जमिनमा चिया खेती अभियान नै चलाएको बताउँछन्।

२०१७ सालको खनायोबास किसान विद्रोहको लहर फैलँदै जाँदा त्यो विद्रोहबाट भयभीत शासकहरूले त्यो विद्रोह फैलन नदिन त्रिशूलीको पुल काट्ने जुक्ति बडा हाकिमको कार्यालयमा निकालेको प्रसङ्ग अझै सुन्न पाइन्छ। किम्ताङको उत्पादनलाई सहर बजारको पहुँचमा पुऱ्याउने सडकको (कोलनी, देउराली, म्यागङ, किम्ताङ)को दुरावस्थाले आजको लोकतन्त्रमा नेता भएकाहरूको उही महेन्द्रकालीन पछौटे चेतना र मनोवृत्तिलाई झल्काउँछ। त्यस्तो मनोवृत्तिलाई व्यङ्ग्य गर्दै किम्ताङेहरूले सामाजिक सञ्जालमा एउटा भिडियो भाइरल गराएका छन्।

एक जना जल्दा बल्दा नेताले आजभन्दा १० वर्षअगाडि गरेको भाषणमा ४ वर्षभित्र थम्बुखोलासम्म सडक पिच नगरे राजनीति छोड्ने घोषणा गरेका छन्। तर, अहिलेसम्म न सडक पिच बन्यो न त उनले राजनीति नै छोडे। बरु उल्टै राज्यको खजान्ची भएर बसेका छन्। नेताले काम त गरेनन् तर गाउँले काम गरे। उत्पादनमा आत्मनिर्भरता र छुट्टै पहिचानको निर्माण किम्ताङले गर्दैछ। विगतमा किम्ताङको पहिरोलाई नेताहरूले पर्यटकीय गन्तव्य बनाएजस्तो किम्ताङको कृषिलाई देखाएर भजाउने र कागजपत्र मिलाउने काम कर्मचारी र नेताहरूले अब नगरुन्।

यो क्षेत्रलाई कृषि जोन, पकेट क्षेत्र तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले छुन सकेको छैन। त्यसैले पनि किम्ताङको कृषि क्रान्तिको अभियानलाई झोलामा कागजपत्र मिलाएर अनुदान लिनेहरूले त्यति प्राथमिकता दिँदैनन्। तर हरेक फर्म र किसानको उत्पादनमा आधारित पुँजी र प्रविधिको साथमा बजार व्यवस्थापन सम्मका सवालमा अनुदान वा सरकारको साझेदारी निर्माण गर्ने हो भने साँच्चै किम्ताङको कृषिले नयाँ र नमुना उत्पादन अभियानको नेतृत्व गर्न सक्छ।

# नतिजा

कथा



■ ओम बस्नेत

> “ दिपकले खुसीको आँसु रोक्न सकेन । छोरीलाई समातेर गर्वले रोयो । आशाको मुखमा हेऱ्यो । उसको खुसीको आँसु बगिरहेको देख्यो । गंगा र जमुना त्यस्तै खुसी थिए ।

“बधाई छ भाइ तपाईँको छोरी भयो।”

नर्सले दिपकलाई खुश खबरी सुनाइन। तर, उसको निम्ति यो खुसीको खबर थिएन र पनि शिष्टाचार निभाउन मात्र “धन्यवाद सिस्टर” भन्यो।

अब उसलाई पिर पर्नु थाल्यो घरमा आमालाई के भन्ने ? नाति हेर्ने इच्छा लिएर बसेकी छन्। तीन वटी छोरी-छोरी भए अब। पहिलेबाटै घरमा जमल्या छोरीहरू छन् गंगा र जमुना दुई वर्षका।

यसपालि त छोरो हुन्छ भनेर ठुलो आस थियो दिपक र आशालाई।

एकातिर आमाले दिएको आशीर्वाद पनि त्यसै खेरो गई रहेको महसुस गऱ्यो।

“खोइ यसपालि त नातिको मुख हेर्न पाउँछु होला” भनेर टिका लगाई दिएकी थिइन दसैँमा। यो सब कुराले खाई रहेको थियो दिपकलाई।

छोरीहरूको परवरिस र पढाइमा भने कुनै कसर छोडेका थिएनन् दिपकका परिवारले। बढाई सँगसँगै पढाई पनि अव्वल थियो तीनै जना छोरीहरूको।

दैनिक रूपमा कामबाट घर पुगे दिपक तर, त्यो दिन उसको घरमा खुट्टा टेक्ने ठाउँ थिएन। उसलाई डर लाग्यो र छिटो-छिटो पाइला चाल्यो। आमाले ब्लड प्रेसरको दबाई सक्यो भनेको याद आयो उसलाई।

भीडबाट कसैले भने, “उ छोरीको बाबा पनि आई पुगे।”

“के भयो मेरो छोरीलाई ?” भन्दै आँगनमा पुग्यो।

उ छक्क पऱ्यो। दश/बाह्र वटा क्यामेरा उ पट्टी खन्यो।

“के भयो मैले त केही बुझेको छैन” भन्यो। आमालाई हेऱ्यो आमाको अनुहारमा चमक र खुसीयाली झल्कीरहेको देख्यो।

“मेरी नातिनीको रिजेल आयो दशमा फास भइछ” भनेर सरस्वतीलाई अङ्गाली रहेकी थिइन आमाले।

“दसवीं का रिजल्ट आज निकला है और आपकी बेटी ने सौ प्रतिसत अंक प्राप्त करके सीबीएससी टप्पर बन गई है तो इसमें आपका क्या कहना है ?” रिपोर्टरले एकै सासमा सोध्यो।

दिपकले खुसीको आँसु रोक्न सकेन। छोरीलाई समातेर गर्वले रोयो। आशाको मुखमा हेऱ्यो। उसको खुसीको आँसु बगिरहेको देख्यो। गंगा र जमुना त्यस्तै खुसी थिए।

सबै आगन्तुकहरूलाई चिया पानी गराउँदै थिए।

“मैं बहुत खुश हूँ” भन्यो टिभीको माइक समातेर।

अन्तमा सरस्वतीलाई मीडियाले सोध्यो।

“अच्छा तो सरस्वती तुम्हारी इस उपलब्धी के लिए किसको श्रेय देना चाहती हो ?”

उसले बताई, “सबसे पहले मेरे माता पिता और दादी को धन्यवाद देना चाहती हु। इनका प्यार और हौसला ना मिलता तो सायद ये मुकाम हासिल नही कर पाती। मेरे दो बेहेन गंगा और जमुना ने साथ न दिया होता तो सायद आज ये खुसी का दिन नही आता। मेरे गुरुजनों का मेहनत का भी उतना ही योगदान है।” सरस्वतीको बोलीमा मिठास र हिन्दी भाषामा पकड राम्रो रहेछ।

राष्ट्रिय टेलिभिजनमा खबर प्रसारण भयो। भोलिपल्ट सबै दैनिक पेपरहरूमा उसको परिवार कै फोटो छापिएछ। हजुर आमा बिहानैदेखि फोनमा व्यस्त थिइन आखिर टेलिभिजनमा उनले पनि बोलेको थिइन। सबलाई सोधी रहेकी थिइन “मैले कस्तो बोलेँ हाँ ?” भनेर।

## कविता : असीमित चाहनाहरू



अच्युत मान सिंह प्रधान ‘उत्सुक’

हुन्छ मानिसको असीमित चाहनाहरू ।
हुन्छ सागरको गहिराइलाई चुम्ने चाहना ।
हुन्छ आकाशको उचाइको मापन गर्ने चाहना ।
हुन्छ सर्व श्रेष्ठ हुने चाहना ।
हुन्छ अरू भन्दा सुन्दर बन्ने चाहना ।
हुन्छ जीवनमा धेरै कमाउने चाहना ।
हुन्छ जीवनमा धेरै सम्पत्ति जोर्ने चाहना ।
हुन्छ आरामदायी जीवन जिउने चाहना ।
हुन्छ मानिसका अनगिन्ती चाहनाहरू ।
यस्तै अनेक चाहनाले गर्दा पुऱ्याउन मानिसलाई सफलता तर्फ ।
पुरा हुन्छ या हुँदैन मानिसको चाहना ।
तर पनि गर्नु पर्छ अनेक प्रयास निरन्तर जीवनमा ।
प्रयास गरे पुगिन्न र के ?
भन्छन् कर्म गर्नु तर फलको आस नगर्नु ।
तर, जीवनमा आस गर्न चाहिँ नमार्नु कहिले ?
मृत्युशय्या पुगेको मानिसको पनि चाह हुन्छ जिउने ।
आफ्ना चाहनाहरूलाई पूर्ण बिराम नलगाउनु हुन्न कहिले ।
जीवनमा मानिसले हरेस खानु हुन्न कहिले ।
भन्छन् सास रहे सम्म हुन्छ आस ।
गर्न सक्नु मात्र पर्छ, सयमता र प्रतीक्षा गर्न जीवनमा ।
जीवनमा परिश्रमको फल मिठो हुन्छ जहिले ।
त्यस्तै प्रतीक्षाको फल मिठो हुन्छ जहिले ।

## तीन मुक्तक



गणेश लोहनी

१.
कस्को कुरा पत्याउनु सबै मिलि घे-यो भन्छन्
मुलुकको वास्ता छैन उत्तर दक्षिण हे-यो भन्छन्
कहिले गोरे कहिले काले पालैपालो छ राईदाई
मेरो देशका भण्डारेले अर्को कोल्टे फे-यो भन्छन् ॥

२.
आँखाबाट आगो ओकल्दै हुँडार कराइरहेको छ
असत्यकै कोलाहलमा सत्य स्वयम् हराइरहेको छ
सत्यमेव जयते उद्घोषका साथ अगाडी बढिरहौं
कागजी बाघसँग सत्याग्रही व्यर्थै डराइरहेको छ ॥

३.
स्वसिद्ध छ वर्षाको भेल दुवै किनारा माडी आउँछ
अवलोकनका बहानामा चमचमाउँदा गाडी आउँछ
बाढी पीडितहरूका तस्विर लिनका लागि सायद
हेलिकोप्टर चढ्दै सरकार विवेक उतै छाडी आउँछ ॥

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | पारिवारिक कार्य सफल हुनेछ । अनावश्यक जिम्मा लिनु हुँदैन । |
| वृष : | लामो यात्रा हुनेछ । सबै कार्यमा सावधानी राख्नुहोला । |
| मिथुन : | नयाँ काम बन्नेछ । राजनैतिक लाभ प्राप्त हुनेछ । |
| कर्कट : | कार्यमा सफलता मिल्नेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन । |
| सिंह : | आध्यात्मिक कार्यमा रुची बढ्छ । वाणी संयम जरुरी छ । |
| कन्या : | शत्रु कमजोर हुनेछन् । अर्कामाथि भरोसा नगर्नुहोला । |
| तुला : | नयाँ कार्यमा प्रगति हुनेछ । धन आर्जन हुने योग छ । |
| वृश्चिक : | बाहिरी सहयोगबाट लाभ हुनेछ । शुभकार्यमा बढी खर्च हुने देखिन्छ । |
| धनु : | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
| मकर : | विधार्थीहरूको लागि राम्रो समय छ । शान्तिमा वृद्धि हुनेछ । |
| कुम्भ : | घर परिवारबाट अपेक्षित सहयोग प्राप्त हुनेछ । शत्रु परास्त हुनेछन् । |
| मीन : | नकारात्मक कुरा अशान्ति पैदा हुनेछ । रोजगार प्राप्तिको योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# केजरीवाललाई सर्वोच्च अदालतबाट मिल्यो जमानत आदेश



**काठमाडौं/एजेन्सी–** सर्वोच्च अदालतले शुक्रबार दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई प्रवर्तन निर्देशनालय (ईडी)द्वारा दर्ता गरिएको अन्तःशुल्क छुटसम्बन्धी नीतिसम्बन्धमा अन्तरिम जमानत आदेश दिएको छ ।

न्यायाधीश सञ्जीव खन्नाको नेतृत्वमा रहेको बेन्चले ईडीद्वारा गरिएको उनको गिरफ्तारीलाई चुनौती दिने फैसलालाई ठुलो बेन्चमा पठाएको छ। केजरीवाललाई ईडीले २१ मार्चमा मदिरा नीति घोटालासँग जोडिएको सम्पत्ती शुद्धिकरणको मुद्दामा पक्राउ गरेको थियो भने गत जुन २६ मा सोही मुद्दामा सीबीआईले उनलाई नियन्त्रणमा लिएको थियो। उनी अहिले दिल्लीको तिहाड जेलमा छन् ।

शुक्रबार सर्वोच्च अदालतको दुई न्यायाधीशको बेन्चले यस विषयमा वृहत बेन्चले हेर्न आवश्यक केही प्रश्नहरू रहेको जनाएको छ। आम आदमी पार्टीले अदालतको फैसलालाई 'सत्यको विजय' भनेको छ भने भाजपाले भने 'जमानतको अर्थ अपराधमुक्त होइन' भनेको छ।

शुक्रबार भएको फैसलामा न्यायाधीश सञ्जीव खन्नाले भनेका छन्, 'अरविन्द केजरीवाल ९० दिनभन्दा बढी समयदेखि जेलमा हुनुहुन्छ र उहाँलाई त्यही शर्तमा रिहा गरिनेछ, जुन शर्तमा उहाँनी चुनावका बेला रिहा हुनुभएको थियो ।'

बेन्चले केजरीवाल निर्वाचित नेता भएको बताएको छ । यद्यपि, बेन्चले केजरीवाललाई मुख्यमन्त्रीको रूपमा निरन्तरता दिने वा नराख्ने भन्ने बारेमा कुनै निर्देशन दिन नसकिने बताएको छ । न्यायमूर्ति खन्नाले भने, 'मैले यसबारेमा निर्णय लिने जिम्मेवारी केजरीवाललाई नै छोडिदिन्छु ।'

२१ मार्चमा केजरीवालको गिरफ्तारीपछि ईडीको यो कदमलाई उच्च अदालतमा चुनौती दिइएको थियो, तर यसलाई अस्वीकार गरिएपछि यो मुद्दा सर्वोच्च अदालतमा पुगेको थियो। लोकसभा चुनावलाई ध्यानमा राख्दै सर्वोच्च अदालतले मे १० मा अरविन्द केजरीवाललाई २१ दिन अर्थात् जुन २ सम्मअन्तरिम जमानत दिएको थियो ।

तर शुक्रबार सर्वोच्च अदालतको फैसलापछि पनि आम आदमी पार्टीका संयोजक केजरीवाल जेलबाट बाहिर आउन पाउने छैनन् किनभने उनलाई ईडीले पक्राउ गरेको मुद्दामा अन्तरिम जमानत आदेश मात्र दिइएको छ ।

केजरीवालले सीबीआईको गिरफ्तारीको मुद्दालाई दिल्ली उच्च अदालतमा चुनौती दिएका छन् । यस मुद्दाको आगामी सुनुवाइ १७ जुलाईमा हुनेछ ।

# बंगलादेशमा सरकारी जागिरका लागि कोटा प्रणालीको विरोधमा विद्यार्थी

**काठमाडौं/एजेन्सी–** बंगलादेशको राजधानी ढाका र देशका अन्य स्थानका विद्यार्थी सरकारी जागिरमा दिइएको कोटा प्रणालीको विरोधमा प्रदर्शनमा उत्रिएका छन् । विद्यार्थीहरूले बिहीबार देशभरका व्यस्त चोकहरूमा प्रदर्शन गर्दै चौथो दिन पनि यातायात अवरुद्ध पारेका छन् भने उनीहरूले ५६ प्रतिशत कोटा दिने सरकारी रोजगार नीतिमा सुधारको माग गरेका छन् ।

बिहीबार बिहानदेखि शुरु भएको दिनभरको आन्दोलन साँझसम्म चलेको थियो । नाकाबन्दीले विशेषगरी देशभरका कलेज र विश्वविद्यालय वरपरका क्षेत्रमा ट्राफिक जाम भएको छ ।

ढाका विश्वविद्यालयका विद्यार्थी तथा आन्दोलनका आयोजक नाहिद इस्लामले ढाकामा आयोजित पत्रकार सम्मेलनमा भने, 'यस कार्यक्रमअन्तर्गत बिहीबार देशभरका सबै राजमार्ग र रेलमार्ग अवरुद्ध गरिएको र आफूहरूको माग पूरा नभएसम्म 'बंगला नाकावन्दी' जारी रहनेछ ।'

आन्दोलनरत विद्यार्थीले सबै सरकारी जागिरमा विभेदकारी कोटा प्रणाली अन्त्य गर्नुपर्ने र संविधानबमोजिम पिछडिएको वर्गका लागि उचित तहमा कोटा कायम हुनुपर्ने माग गरेका छन् ।

हप्तौंलामो विरोध प्रदर्शनपछि सन् २०१८ मा रोकिएको यो प्रणालीलाई गत महिना छुट्टै अदालतले पुनर्स्थापित गरेको थियो । जुलाईको सुरुमा सर्वोच्च अदालतले सरकारी जागिरका लागि कोटा प्रणालीलाई पुनर्स्थापित गर्ने निर्णय गरेपछि विद्यार्थीहरूको नेतृत्वमा प्रदर्शनहरू फेरि शुरू भएका हुन् ।

विद्यमान सरकारी भर्ती प्रणाली अन्तर्गत सरकारी पदहरूको प्रवेशका लागि हुने परीक्षामा ५६ प्रतिशत विशिष्ट 'हकदार' वर्गहरूको लागि आरक्षित गरिएको थियो । सन् १९७२ मा लागू गरिएको कोटा प्रणालीमा सुधारको माग गर्दै विश्वविद्यालयका विद्यार्थी र रोजगारका आकाङ्क्षीहरूले गरेको प्रदर्शनपछि सन् २०१८ मा सरकारले सार्वजनिक सेवामा सबै ५६ प्रतिशत कोटा खारेज गर्ने परिपत्र जारी गरेको थियो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०३/२९**

**डा. खगेन्द्र माण्डव्य कटुवाल स्वास्थ्य विज्ञान प्रतिष्ठान मु.वि.न.**को मिति २०८१/०३/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माउण्ट एभरेष्ट स्वास्थ्य विज्ञान प्रतिष्ठान मु.वि.न. (मु.वि.नगर्ने नं.: २९२३०६)** कायम गर्ने गरी मिति २०८१/०३/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०३/२९**

**लुम्बिनि कोहिनुर डायग्नोष्टिक एण्ड रिसर्च सेण्टर प्रा.लि.**को मिति २०८१/०३/२४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लुम्बिनी कोहिनुर पोलिक्लिनिक प्रा.लि. (प्रा.लि. नं.: २६६६४०)** कायम गर्ने गरी मिति २०८१/०३/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# गाजामा इजरायली कारबाहीमा ३२ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** इजरायली आक्रमणले गाजा पट्टीमा थप ३२ जनाको ज्यान लिएको हमास नियन्त्रित प्यालेस्टिनी क्षेत्रकोस्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । इजरायलको हमाससँगको युद्ध नौ महिनादेखि जारी छ ।

युद्धविराम र बन्धक मुक्तिको सम्झौतामा पुग्ने दिशामा वार्ता जारी रहँदा तटीय क्षेत्रको उत्तरदेखि दक्षिणसम्म लडाइँ जारी छ । हमासका लडाकुले अक्टोबर ७ मा कम्तीमा एक हजार २०० जनाको ज्यान लिने गरी दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमण र २०० भन्दा बढी बन्धक बनाएपछि जवाफमा इजरायलले



गाजा क्षेत्रमा हमासविरूद्धको कारबाही शुरू गरेको थियो। गाजाको स्वास्थ्य मन्त्रालयले इजरायली सेनाद्वारा निरन्तर गरेको आक्रमणको पछिल्लो श्रृंखलामा ३२ जना प्यालेस्टिनीको मृत्यु भएको छ। मृतकमध्ये अधिकांश बालबालिका र महिला रहेका छन् । हमास निकटस्थ सञ्चारमाध्यमले उत्तरमा गाजा सहर, मध्येक्षेत्रमा नुसिरात शरणार्थी शिविर, दक्षिणमा खान युनिस र रफाहका धेरै स्थानमा ७० भन्दा बढी हवाई आक्रमण भएको रिपोर्ट गरेको छ । इजरायली सेनाले शुक्रबार इजिप्टको सीमा नजिकै रहेको रफाहमा सेनाले अपरेसन जारी राखेको बताएको छ ।

## साउदी र कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः AL-WAN AL-RAYEM CONTRACTING COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२११५ LT. No.:307392

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः ATILY NANA DESIGN COMAPNY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२११९ LT. No.:307342

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 10 | स. काममा दक्ष | 150 | ६५,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-5918559, 5915290
Email: aayushoverseas123@gmail.com , aayusoverseas1341@gmail.com
Web: www.aayushoverseas.com.np

## युएईमा रोजगार

कम्पनी : ADAA EMPLOYMENT LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१३७ LT. No.: 307365

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 50 | 0 | | 1000 | ३६,३२० | | | | | | | |
| 3. | Masion | 50 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 4. | Steal Fixer | 50 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565.

## साउदीमा रोजगार

कम्पनीः MUNASSIR AYIDH AL MINHALI TRADING COMPANY. शहरः Saudi Arabia, Dammam
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१४२ LT. No.: 307353

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Halesi Overseas Pvt. Ltd.
Govt. Lic. No. 1161/073/074
Gaushala-9, Ratopul, Kathmandu, Nepal
Tel: 4489975, Mob.: 9851057208, 9818581088 Email: halesioverseas074@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JASSIM TRANSPORT & STEVEDORING CO. WLL शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/१५ चलानी नं.: ६०२१०८४३ L.T. No. 295795 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rigger | 16 | 0 | स. काममा दक्ष | 110 | ४७,९५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता सल्लाघारी भक्तपुरमा २०८१ साउन ५, ६ र ७ गते (20, 21 & 22 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Index Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

## साउदीमा रोजगारको अवसर

कम्पनीः VER NOON COMMERCIAL COMPANY शहर : QASSSIM
पूर्व स्वीकृत मितिः २०८१/०३/२५ चलानी नं.: ६०२२२०६४ LT. No.: 307359

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packaging And Wrapping Labor | 9 | 0 | | 1000 | ३५,५७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

K.S.A. International Group Pvt. Ltd.
इजाजत पत्र नं. १७५/०५६/०५७
Pinglasthan-09 Gausala, Tel : 01-4493104, 9801022672
Email: ksamanpower@gmail.com, Web : ksamanpower.com

## KUWAIT मा रोजगार

कम्पनी : MIDDLE EAST CONSUMER ORDERS DELIVERY CO.SPC शहरः KUWAIT
पुर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२११७ L.T. No.:307352

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 25 | 0 | स. काममा दक्ष | 140 | ६१,०३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9805945922, 9805945923, 9702046184
Whatsapp : 9801054682, 981054684, 9801078894
E-mail: omama.manpower1422@gmail.com, URL : www.omamamanpower.com
omamamanpowerdemand@gmail.com

## साउदीमा रोजगार

कम्पनी : ARABIAN BUILDING SUPPORT AND REHABILITATION CO. LTD. शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१६४३ LT. No.:306909 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waterproofing Agent | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

मादी ओभरसिज सर्भिसेस प्रा. लि.
श्रम ईजाजत पत्र नं. २०९/०५७/०५८
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९, ९८०१०६२८९३ , ९८५११७६०७१
फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## Cyprus मा रोजगारको अवसर

१.कम्पनीः Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।१०।१ चलानी नं. ६०१९५०२५ LT.No. 279493 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 1 | काममा दक्ष | 315 | ४५,५९६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनीः MC Recruitment Agency, Cyprus, Limassol.
पूर्व स्वीकृती मिति : २०८०।२।२९ चलानी नं. ६०२०३०४४ LT.No. 287756 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 2 | काममा दक्ष | 315 | ४५,५९६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

३.कम्पनीः Ero Christoforou Private Employment Agency, Cyprus, Paphos.
पूर्व स्वीकृती मिति : २०७९।१२।२३ चलानी नं. ६०१९९५७७ LT.No. 284002 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 4 | काममा दक्ष | 315 | ४५,५९६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

४.कम्पनीः Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति : २०७९।११।१९ चलानी नं. ६०१९७५०९ LT.No. 282062 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | काममा दक्ष | 800 | १,१५,८००।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

५.कम्पनीः Ero Christoforou Private Employment Agency, Cyprus, Paphos.
पूर्व स्वीकृती मिति : २०७९।१२।२३ चलानी नं. ६०१९९५७८ LT.No. 284001 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook B | 1 | काममा दक्ष | 850 | १,२३,०३७।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

६.कम्पनीः C & C Private Employment Agency., Cyprus.
पूर्व स्वीकृती मिति : २०७९।६।१४ चलानी नं. ६०१८८६३० LT.No. 273001 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 0 | 1 | काममा दक्ष | 314 | ४५,४५१।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | |
| 2 | Agriculture Labourer | 0 | 2 | | 455 | ६५,८६१।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १, २, ३, ४ र ५ नं.कम्पनीको रु.३०,०००।- सि.नं. ६ कम्पनीको रु.४०,०००।- |

अन्तर्वार्ता २०८१ श्रावण ६ गते (21 July, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला ।४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Apps Services Pvt.Ltd.
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## साउदीमा रोजगार

कम्पनीः ARABIAN COMPANY FOR AGRICULTURE AND INDUSTRIAL INVESTMENTS शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१४७ L.T. No.: 307418

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Supervisor | 1 | 0 | स. काममा दक्ष | 4000 | १४२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

GRAND SUITE JOB PVT. LTD.
श्रम इजाजत नं.: ८८०/०६७/०६८
Koteshwor-32, Kathmandu, Tel : 01-5100475, 9851178332
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np

# वाणिज्य बैंकले कमाए ५६ अर्ब ४५ करोड खुद नाफा, शीर्ष स्थानमा नबिल बैंक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असार

नेपालका वाणिज्य बैंकहरुले चालु आर्थिक वर्षको ११ महिनासम्ममा ५६ अर्ब ४५ करोड रुपैयाँ खुद नाफा गरेका छन् । २० वटा वाणिज्य बैंकले जेठ मसान्तसम्म ५६ अर्ब ४५ करोड रुपैयाँ खुद नाफा गरेको हुन् । वाणिज्य बैंकहरुले बैशाख मसान्तको तुलनामा जेठमा बैंकहरुको खुद नाफा १६.१४ प्रतिशतले बढेको छ । बैशाखसम्ममा नेपालका वाणिज्य बैंकहरुले ४८ अर्ब ७० करोड रुपैयाँ खुद नाफा गरेका थिए ।

११ महिनामा सबै भन्दा धेरै नाफा कमाउने बैंकमा नविल बैंक सबै भन्दा अगाडि रहेको छ । नबिलले ६ अर्ब ३३ करोड रुपैयाँ खुद नाफा गरेको हो । दोस्रो नाफा कमाउने बैंकमा ग्लोबल आईएमई बैंक रहेको छ । ग्लोबलले ५ अर्ब ९ करोड रुपैयाँ नाफा गरेको छ ।




चालु आर्थिक वर्षको ११ महिमा तेस्रो स्थानमा रहको नेपाल इन्भेष्टमेन्ट बैंकले ४ अर्ब ३८ करोड रुपैयाँ, चौथोमा प्राइम बैंकको ३ अर्ब ५५ करोड रुपैयाँ पाँचौमा एभरेष्ट बैंकले ३ अर्ब ३१ करोड रुपैयाँ नाफा कमाएको हो ।

यस्तै राष्ट्रिय वाणिज्य बैंकले ३ अर्ब ६ करोड रुपैयाँ, प्रभु बैंकको ३ अर्ब ३ करोड रुपैयाँ, कृषि विकास बैंकले ३ अर्ब २ करोड रुपैयाँ, स्टाण्डर्ड चार्टर्ड बैंकले ३ अर्ब १ करोड रुपैयाँ खुद नाफा गरेका हुन् ।

एनएमबी बैंकको २ अर्ब ७७ करोड रुपैयाँ, हिमालयन बैंकले २ अर्ब ७६ करोड, लक्ष्मी बैंकले २ अर्ब ३७ करोड रुपैयाँ, सिद्धार्थ बैंकले २ अर्ब २७ करोड रुपैयाँ र एनआईसी एसिया बैंकले २ अर्ब २३ करोड रुपैयाँ, सानिमा बैंकको १ अर्ब ७६ करोड रुपैयाँ, सिटिजन्स इन्टरनेशनल बैंकले १ अर्ब ७५ करोड रुपैयाँ खुद नाफा कमाएका छन् ।

यस्तै कुमारी बैंकले १ अर्ब ६७ करोड रुपैयाँ, नेपाल एसबीआइ बैंकले १ अर्ब ६६ करोड रुपैयाँ र माछापुच्छ्रे बैंकले १ अर्ब २८ करोड रुपैयाँ खुद नाफा कमाएको छ । यस्तै सबै भन्दा कम नाफा कमाउने बैंकमा नेपाल बैंक रहेको छ । नेपाल बैंकले ११ महिनामा १ अर्ब ७ करोड रुपैयाँ मात्र खुद नाफा कमाएको हो । बाणिज्य बैंकहरुले गत वर्षको ११ महिनामा ६७ अर्ब २३ करोड रुपैयाँ खुद नाफा कमाएको भएपनि यस वर्ष बैंकहरुको करिब ११ अर्ब कम नाफा गरेका छन् । अर्थतन्त्रमा देखिएको मन्दी र खराब कर्जाको कारण समेत गत वर्ष भन्दा बैंकहरुले नाफा घटेको हो । गत वर्षको ११ महिनाको तुलनामा १४ वटा बैंकहरुको नाफा घटेको छ ।

## नबिल बैंक ४१औं वर्षमा प्रवेश
# दिगो बैंकिङमा अग्रसरता




**काठमाडौं/मस–** नबिल बैंकले आफ्नो स्थापनाको ४० औं वार्षिकोत्सव मनाएको छ । दिगो विकासमा बैंकिङको भुमिका भन्ने विषयमा छलफल गरिएको थियो । कार्यक्रममा बैंकका अध्यक्ष पौड्यालले पछिल्लो समय बैंक दिगो विकासमा केन्द्रित गरेको उल्लेख गर्दै कार्यक्रम र सेवा प्रवाहलाई सोही अनुसार अघि बढाइएको जानकारी दिए । बैंकले शुरु गरेको दिगो बैंकिङको योजना दीर्घकालीन सोचमा आधारित रहेको उल्लेख गर्दै उनले यसमार्फत् कार्बन उत्सर्जन कम गर्न, हरित प्रविधिमा लगानी गर्न र सामाजिक र आर्थिक विकासलाई प्रवर्द्धन गर्ने परियोजना अगाडि बढाउन सहयोग पुग्ने उनले बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले सम्पूर्ण ग्राहक, कर्मचारी, नियामक, सरकारी निकाय, शेयरधनी लगायत सरोकारवालाले दिएको साथ र सहयोगका लागि धन्यवाद दिए । बैंकले ४० वर्ष पुगेको अवसरमा आगामी ४० दिनसम्म दिगो विकाससम्बन्धी जनचेतना जगाउने उदेश्यले विभिन्न कार्यक्रम आयोजना गर्ने समेत उनले जानकारी दिए । त्यसका लागि आगामी ४० दिनमा साइकलिङ, प्रभातफेरी, 'चार दशक नेपालको' यात्रा झल्काउने तस्बिर प्रदर्शनी लगायतका कार्यक्रम तय भएको उनको भनाइ थियो ।

कार्यक्रममा नेपालका लागि संयुक्त राष्ट्र संघका आवासीय संयोजक हाना सिंगर हाम्डीले दिगो विकासका लक्ष्य प्राप्तकालागि ठूलो लगानी आवश्यक रहेको उल्लेख गर्दै त्यसका लागि नबिल जस्ता बैंकले लगानी गर्नु पर्नेमा जोड दिइन । 'दिगो विकासका लक्ष्य पूरा गर्नका लागि विश्वका लागि प्रत्येक वर्ष ४ ट्रिलियन डलर आवश्यक पर्छ, जुन कोरोना महामारी अघि वार्षिक २.५ ट्रिलियन डलर आवश्यक पर्ने अनुमान थियो', उनले भनिन्, 'नेपालको हकमा २३ अर्ब डलर आवश्यक भएको र प्रत्येक वर्ष ६ अर्ब डलर अपुग छ, जुनकुल जीडीपीको ११ प्रतिशत हो ।' उनले नेपालले दिगो विकासका लक्ष्य पूरा गर्नका लागि ठूलो लगानी आवश्यक भएको र नबिल बैंकले दिगो विकासका क्षेत्रमा ठूलो लगानी बढाउन सक्ने समेत धारणा व्यक्त गरिन् । उनले बैंकको काम आर्थिक कारोबार मात्रै नभएको बरु पर्यावरण जोगाउने जिम्मेवारी समेत भएकाले त्यसतर्फ आफ्ना कार्यक्रम र सेवाप्रवाहलाई केन्द्रित गर्न सुझाव दिइन् ।

# आईएमई मोटर्स मोटुल इन्डिया एलिट क्लबमा समावेश




**काठमाडौं/मस -** नेपालमा मोटुल लुब्रिकेन्ट बिक्री-वितरण शुरु गरेको ६ महिनामै आईएमई इलेक्ट्रिक, 'मोटुल इन्डिया एलिट क्लब' मा समावेश भएको छ । नेपालका लागि मोटुल लुब्रिकेन्टको आधिकारिक वितरक आईएमई इलेक्ट्रिकले गत डिसेम्बर २०२३ देखि नेपालमा मोटुल लुब्रिकेन्टको बिक्री-वितरण प्रारम्भ गरेको थियो । छोटो समयमै उत्कृष्ट बजार हिस्सा लिन सफल भएपछि आईएमई इलेक्ट्रिकले अन्तर्राष्ट्रिय स्तरको प्रशंसा प्राप्त गरेको हो । विश्वव्यापी रुपमा 'सिन्थेटिक लुब्रिकेन्टको विशेषज्ञ' को पहिचान कायम गरेको मोटुल फ्रेन्च कम्पनी हो, जसले पर्फमेन्स प्रोडक्टको उत्पादन र बजारीकरणका लागि विशेषज्ञता हासिल गरेको छ । मोटुल इन्डियाले हालै चेक रिपब्लिकको प्रागमा एलिट क्लब कन्फ्रेन्स सम्पन्न गरेको थियो, सो कन्फ्रेन्समा भारत, नेपाल, बंगलादेश र श्रीलंकाका टप पर्फमेन्स गरेका डिस्ट्रिब्युटर सहभागी थिए । सो अवसरमा नेपाली बजारमा उल्लेखनीय उपलब्धि हासिल गरे बापत मोटुल इन्डियाको सो प्रतिष्ठित एलिट क्लबमा आईएमई इलेक्ट्रिक समेत अन्य सहभागीका साथ संलग्न रहेको थियो ।

आईएमई मोटर्स तथा आईएमई इलेक्ट्रिकका सीईओ हेमन्त पुराणिकले मोटुल इन्डियाको प्रतिष्ठित एलिट क्लबमा समावेश भई सम्मानित हुन सकेकोमा खुसी व्यक्त गरे । सीईओ पुराणिकले भने, 'सो मान्यता आईएमई इलेक्ट्रिकको सम्पूर्ण टिमले गरेको कठिन कार्य, समर्पण र असाधारण कार्य प्रगतिको परिणाम हो, यस्ता प्रतिष्ठित साथीहरुका बीचमा सम्मानित हुन पाउनु नै एक महत्वपूर्ण उपलब्धि हो, यो सम्मानले हाम्रो उद्योगमा गरिएको उत्कृष्टता र नवीनताप्रतिको प्रतिबद्धतालाई अझै सुदृढ बनाउँछ ।' मोटुल इन्डियाका सीईओ नागेन्द्र पाईले 'महत्वपूर्ण उपलब्धि सहित एलिट क्लबमा समावेश हुन सफल भएकोमा आईएमई इलेक्ट्रिक टिमलाई बधाई ज्ञापन गरे । आईएमई जस्तो महत्वपूर्ण साझेदार पाएकोमा गौरवान्वित भएको तथा यसबाट थप सफलता तथा सहकार्य लामो समय चल्ने अपेक्षा सीईओ पाईले गरेका थिए ।

# सुपर स्प्लेन्डरको माइलेज क्याम्प घोषणा

**काठमाडौं/मस -** सीजी मोटर्सले दुई पांग्रे सवारी उद्योगका लागि इन्धन दक्षता र कार्य सम्पादनमा नयाँ बेन्चमार्क स्थापित गर्दै सुपर स्प्लेन्डरको असार महिनामा माइलेज च्यालेन्ज क्याम्प घोषणा गरेको छ । आफ्ना ग्राहकहरुमाझ उत्साह ल्याउन देशका डिलरशिपहरुमा माइलेज च्यालेन्ज क्याम्प सञ्चालन गरेको थियो । हिरो मोटोकर्पका अध्यक्ष डा. बृजमोहनलाल मुञ्जालको शताब्दी जन्मजयन्ती समारोहलाई सम्मान गर्दै सो माइलेज च्यालेन्ज सञ्चालन गरेका थिए ।

माइलेज च्यालेन्जमा सीजी हिरो नेपालगन्जबाट जगदीश चौधरी, कावासोतीबाट टिकाराम कँडेल, विराटनगरबाट उपेन्द्र मुखिया, बुटवलबाट कमल पन्थी बिजेता बनेका छन् । माइलेज च्यालेन्जमा सुपर स्प्लेन्डरका लोयल ग्राहकहरुले आफ्ना सवारी साधनहरुको इन्धन दक्षता परीक्षण गर्न सहभागी भएका थिए । सहभागीहरुले सुपर स्प्लेन्डर १२५ ले हासिल गरेको प्रभावशाली माइलेजको तथ्यांकलाई प्रमाणित गर्ने शुरु र अन्त्य बिन्दुहरु, इन्धन खपत र यात्रा गरेको दूरीलगायत आफ्नो यात्राहरु ट्र्याक गरेका थिए ।

# माछापुच्छ्रेको डीसीईओ बने अर्याल




**काठमाडौं/मस –** प्रसिद्ध राज अर्याल माछापुच्छ्रे बैंकको नायब प्रमुख कार्यकारी अधिकृत पदमा बढुवा भएका छन् । बैंकको असार २७ गते बसेको सञ्चालक समिति बैठकले साउन १ बाट लागु हुने गरी अर्याललाई डीसीईओ बनाएको हो । यसैगरी साउन १ देखि नै लागू हुने गरी सुभाष जमरकटेल बैंकको नायब महाप्रबन्धक (डीजीएम) पदमा बढुवा भका छन् । काठमाडौं विश्वविद्यालयबाट व्यापार प्रशासन संकायमा स्नातकोतर गरेका अर्यालसँग कर्जा, ट्रेजरी तथा करेसपोन्डेन्ट बैंकिङ्ग, शाखा सञ्चालन र लघुवित्त जस्ता विभिन्न बैंकिङ क्षेत्रमा १६ वर्ष भन्दा बढीको अनुभव, ज्ञान र कौशल रहेको छ । अर्याल यसअघि सिभिल बैंक, सनराइज बैंक र नेपाल इन्भेष्टमेन्ट बैंकमा समेतमा रही विभिन्न पदमा कार्य अनुभवी रहेका छन् ।

यसैगरी सन् २०१० देखि आफ्नो बैंकिङ करियर शुरु गरेका जमरकटेल सन् २०११ देखि माछापुच्छ्रे बैंक लि. मा आवद्ध थिए । जमरकटेल लेखा र बैंकिङ क्षेत्रमा विशेषज्ञता भएको उच्च दक्ष र अनुभवी चार्टर्ड एकाउन्टेन्टको रुपमा चिनिन्छन् । उनले इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट अफ इन्डिया बाट चार्टर्ड एकाउन्टेन्सी र नेपालको त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन तथा कानूनमा स्नातक तहको डिग्री प्राप्त गरेका छन् । यसबाहेक उनले एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआईटी), थाइल्याण्डबाट बैंकिङ र फाइनान्समा प्रोफेसनल मास्टर्स डिग्री समेत हासिल गरेका छन् । अर्याल र जमरकटेल दुवै आफ्नो बैंकिङ करियरको छोटो समयमा नै उल्लेख्य प्रगति हासिल गर्न सफल बैंकरको रुपमा चिनिन्छन् ।

## साउदीमा रोजगार | कम्पनी: BRANCH OF ETIMAD HUMAN RESOURCES COMPANY
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०४/२५ चलानी नं.: ६०२०६०२२ L.T. No.: 290575 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्होने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Amity Global Group
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366/4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## यूएईमा रोजगारको अवसर | कम्पनी: DESERT LANDSCAPE CO LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः२०८१/०३/२८ चलानी नं.: ६०२२२११८ LT. No.: 307338

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २९,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Maven Recruitment Services Pvt. Ltd.
साविकको: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np

## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी: EMIRATES RECRUITMENT SERVICES EST शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१३० LT. No.: 307447

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Joinery Carpenter | 45 | 0 | स. काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्होने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

P.T.SWIFT HR MANAGEMENT PVT. LTD
श्रम ईजाजत नं. १५६६/०७९/०८०
Dhumbarahi-4, Kathmandu, Nepal.
Landline No.: 01-5915721, Email: ptswifthr11@gmail.com
Contact No.: 9851199387 | 9851343751

## साइप्रसमा रोजगार | कम्पनी : C & C PRIVATE EMPLOYMENT AGENCY
शहर: CYPRUS

पूर्व स्वीकृत मितिः २०८०/०९/०३ चलानी नं.: ६०२११६८९ LT. No.: 296562 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 309 | ४४,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्होने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Seasonal Manpower Company Pvt. Ltd.
श्रम इजाजत नं ९८५/०६७/०६८
टाउनप्लानिङ, सामाखुसी, काठमाडौं, फोनः नं.: ०१–४९८०५३८
Email: seasonalmp@gmail.com
Mobile: 9705083832 | 9705082831

## OMAN मा रोजगार | कम्पनी : AL WESAM AL FAREED TRAD
शहर: Oman

पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१२७ LT. No.: 307416

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook (General) | 5 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ५५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 2 | 0 | | 140 | ४८,५२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्होने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Aslesha International Pvt. Ltd.
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

## कुवेतमा रोजगार | कम्पनी:NESTO HYPER MARKET FARWANIYA CENTRAL WLL
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.:६०२२२१२४ L.T. No.: 307348

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper Worker | 10 | 10 | सम्बन्धित काममा दक्ष | 120 | ५२३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | | 150 | ६५३९२ | | | | | | | |
| 3. | Pastry Maker | 10 | 0 | | 140 | ६१०३३ | | | | | | | |
| 4. | Waiter | 10 | 10 | | 120 | ५२३१४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ५ गते (20 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्होने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Samridhha Human Resources Pvt. Ltd.
Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369
Mobile: 9813033715 | 9851315449 | 9827549952,
Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

गो.हु.का.द.नं. ३३/०६९/०७०

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२९ असार २०८१, शनिबार
13 July 2024, Saturday

# बक्स अफिस समाचार

# २३ विधामा राष्ट्रिय आदिवासी संगीत तथा चलचित्र अवार्ड प्रदान




**काठमाडौं/मस-** आदिवासी जनजातिको चलचित्र एवम् गीत संगीतको प्रवर्द्धनका लागि आयोजना हुँदै आएको 'राष्ट्रिय आदिवासी संगीत तथा चलचित्र अवार्ड'को दोस्रो संस्करण बिहीबार काठमाडौंमा सम्पन्न भएको छ। समारोहमा संगीतमा १४ विधा र आदिवासी चलचित्रमा ९ विधा गरेर २३ विधामा 'दोस्रो राष्ट्रिय आदिवासी संगीत तथा चलचित्र अवार्ड-२०२४' प्रदान गरियो।

कार्यक्रममा पूर्वउपराष्ट्रपति परमानन्द झाले प्रमुख आतिथ्यता ग्रहण गर्दै विभिन्न कलाकारलाई सम्मान प्रदान गरे। समारोहमा वरिष्ठ गायिका तथा चरित्र अभिनेत्री कविता आले मगरलाई दीर्घ साधना सम्मान र चलचित्र निर्माता तारादेवी लिम्बूलाई राष्ट्रिय सम्मान प्रदान गरियो। यस्तै गुरुङ चलचित्र अभिनेता राजु गुरुङ, अग्रज लोकगायक नमराज ढुँगाना, गायक हिमाल श्रेष्ठ, कलाकार शेरबहादुर गुरुङ, दोहोरी गायिका कालिका रोक मगर र व्यवसायी मिलन लामा पनि सम्मानित भए। दुवै अवार्डको जुरीमा अभिनेता धिरेन शाक्य, चलचित्र निर्देशक दिनेश लिङ्देन, संगीत संयोजक शाहश शाक्य र गायक रमेश पाठक थिए।

समारोहमा आदिवासी चलचित्र चरित्र अभिनेत्रीको अवार्ड सेमेवाबाट पवित्रा लिम्बू, आदिवासी चलचित्र चरित्र अभिनेत्रीको पब्लिक च्वाइस अवार्ड बबिता नेयोहाङ, लिम्बू चलचित्रको अवार्ड युक्पुङ, लिम्बू चलचित्रमै पब्लिक च्वाइस अवार्ड चलचित्र सेमेवाले हासिल गरे। उत्कृष्ट गुरुङ चलचित्रको अवार्ड शिर सुवाले पायो भने शिर सुवाबाटै माओत्से गुरुङले उत्कृष्ट गुरुङ चलचित्रको अवार्ड जिते। चलचित्र जिउनीले जुरी अवार्ड पायो भने गुरुङ चलचित्रतर्फ आफ्नै कर्मले पब्लिक च्वाइस अवार्ड हासिल गर्‍यो।

लिम्बू चलचित्र उत्कृष्ट निर्देशकको अवार्ड लोजिमा चलचित्रबाट सागर सुब्बा, लिम्बू चलचित्र निर्देशकमै पब्लिक च्वाइस अवार्ड सुगुप चलचित्रबाट लोकेन साँवाले हासिल गरे। आदिवासी चलचित्र चरित्र अभिनेताको अवार्ड जिउनीबाट अच्युत गुरुङ, गुरुङ चलचित्र अभिनेताको अवार्ड चलचित्र शिर सुवाबाट विश्वास गुरुङले प्राप्त गरे।

गुरुङ चलचित्र अभिनेताको जुरी अवार्ड आनन्द गुरुङ, पब्लिक च्वाइस अवार्ड टेकबहादुर गुरुङ र लिम्बू चलचित्रबाट उत्कृष्ट अभिनेताको अवार्ड रुद्र पाहिमले प्राप्त गरे। आदिवासी चलचित्र अभिनेत्रीको अवार्ड जिउनीबाट आकृति गुरुङ, आदिवासी चलचित्र अभिनेत्रीको जुरी अवार्ड सिर्जना माश्राङगी मगर, लिम्बू चलचित्र अभिनेत्रीको अवार्ड विमला खजुम लिम्बू, मेकअप आर्टिष्टको अवार्ड उर्मिला लामा र आदिवासी भेषभुषाको अवार्ड सरु माङमो लिम्बूले हासिल गरे।

यस्तै संगीततर्फ आदिवासी लोक गीत गायकको अवार्ड सुमन लिम्बू, गायकतर्फकै जुरी अवार्ड असार सिंह निङलेकु र पब्लिक च्वाइस अवार्ड गायक भिम लिम्बूलाई प्रदान गरियो। आदिवासी लोक गीत गायिकाको अवार्ड अन्जना लिम्बू, लोकगीत गायिकाकै पब्लिक च्वाइस अवार्ड गँगा लिम्बूलाई प्रदान गरियो।

समारोहमा आदिवासी गीत गीतकारको अवार्ड कल्पना आङबुहाङ लिम्बू, गीतकारकै जुरी अवार्ड ओम छिनाल र गीतकार पब्लिक च्वाइस अवार्ड गौरीमान लिम्बूले हासिल गरे। यस्तै आदिवासी कौडा गीततर्फ गायकको अवार्ड मौसम गुरुङ, कौडामै पब्लिक च्वाइस अवार्ड सानु पुलामी मगर र कौडा गीत गायिकाको अवार्ड नितु पुनले हासिल गरे।

समारोहमा आदिवासी गीत संगीत संयोजकको अवार्ड सुनिल परियार, आदिवासी म्युजिक भिडियो निर्देशकको अवार्ड हाङ चम्जोङ, भिडियो निर्देशक जुरी अवार्ड दिप गुरुङ, आदिवासी म्युजिक भिडियो पुरुष मोडलको अवार्ड गजेन्द्र साम्बाहाम्फे, आदिवासी म्युजिक भिडियो पुरुष मोडल जुरी अवार्ड सन्जिब लिम्बूले हासिल गरे। आदिवासी म्युजिक भिडियोमै महिला मोडलको अवार्ड रिना गुरुङ र महिला मोडल जुरी अवार्ड सुस्मिता गुरुङले प्राप्त गरे। यस्तै तामाङ गीत गायकको अवार्ड टीका बम्जन, तामाङ सेलो पुरुष मोडलको अवार्ड अभि लामा र सेलो पुरुष मोडलको जुरी अवार्ड छिरिङ तामाङलाई प्रदान गरियो।

यस्तै तामाङ सेलो महिला मोडलको अवार्ड अनिता गोले, लिम्बू गीत म्युजिक भिडियो महिला मोडलको अवार्ड दुर्गा कुमारी लिम्बू, लिम्बू गीत म्युजिक भिडियो नवमहिला मोडलको अवार्ड मिरा फियाक, आदिवासी गीत नृत्य निर्देशकको अवार्ड केशव कोइराला, नृत्य निर्देशकमै पब्लिक च्वाइस अवार्ड चुडामणि फुयाल र आदिवासी गीत ध्वानी सम्पादनको अवार्ड डिका गुरुङलाई प्रदान गरियो।

कार्यक्रममा सभापति एवम् आयोजक संस्था क्वालिटी फिल्मस्का अध्यक्ष उमेश गुरुङले आदिवासीहरुलाई मूलधारमा ल्याउन अवार्ड कार्यक्रम आयोजना गरिएको बताए। कार्यक्रम संयोजक शनी लिम्बूले सबैलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेकी थिइन्।

## संगीतकार वाग्लेलाई राष्ट्रिय युवा प्रतिभा सम्मान

**काठमाडौं/मस-** युवा तथा खेलकुद मन्त्रालयले संगीतकार बिपी वाग्लेलाई संगीतको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै राष्ट्रिय युवा प्रतिभा सम्मान-२०८१ प्रदान गरेको छ। नेपाली सांगीतिक क्षेत्रमा दुई दशकसम्म क्रियाशील रहेर चर्चित बनेका वाग्लेले नेपाल सरकारबाट प्रमाणपत्रसहित एक लाख रुपैयाँ नगद पुरस्कार पाए।

काठमाडौंको सिंहदरबारस्थित युवा तथा खेलकुद मन्त्रालयको सभाहलमा आयोजित सो कार्यक्रममा काठमाडौं क्षेत्रका नौ जना प्रतिभावान व्यक्ति तथा संस्थालाईसमेत सम्मान गरिएको थियो। संगीतकार वाग्लेलाई असाधारण सिर्जनशीलता, उद्यमशीलता र नेपाली युवामा आफ्नो गीत/संगीतको माध्यमबाट सकारात्मक प्रभाव पारेको भन्दै देशव्यापीरुपमा प्राप्त आवेदकहरुमध्येबाट सर्वोत्कृष्ट युवा प्रतिभा घोषित गरिएको हो।




विशेषगरी बालबालिकाका लागि उनले आफ्नो सांगीतिक प्रयास प्रस्तुत गरेका छन्। मनोरञ्जनका अलावा सामाजिक चेतना, रुपान्तरण र समग्र सामाजिक विकासमा केन्द्रित वाग्लेका गीतहरु नेपाली समाजको प्रमुख सांगीतिक बिकल्प बन्दै गएका छन्। सो समारोहमा वाग्लेले बालबालिकाको मनोरञ्जन र मनोवैज्ञानिक विकासका लागि थप गीतहरु निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे। निकट भविष्यमा धेरै सिर्जना सार्वजनिक गर्ने योजना रहेको उनको भनाइ थियो।

विगत दुई दशकदेखि नेपाली गीतसंगीतको विकास र विश्वव्यापी मान्यतामा महत्वपूर्ण योगदान पुर्‍याएका वाग्ले प्रकृति प्रेम, ध्यान र बौद्धिक विकासजस्ता विषयवस्तुलाई सम्बोधन गर्ने विशेष क्षमता भएका संगीतकर्मी मानिन्छन्। आफ्नो संगीतलाई अन्य भाषामा अनुवाद गरी विश्व स्रोतासम्म पुर्‍याउने लक्ष्यअनुसार काम अघि बढिरहेको उनले बताए।

कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सचिव सुमनराज अर्यालले राष्ट्रिय युवा प्रतिभा पुरस्कारले सम्मानित हुने व्यक्तित्वहरुको कलात्मक उपलब्धिलाई मात्र नभइ बृहत् मानवीय फाइदाका लागि उनीहरुले देखाएको समर्पणलाई पनि जोड दिइएको बताए। कार्यक्रममा नेपाल सरकारका विशिष्ट व्यक्तिहरु, मन्त्रालयका सचिवहरु, सहसचिव तथा अधिकृतहरु तथा नागरिक समाजका व्यक्तिहरुको उपस्थिति रहेको थियो।

## 'मिष्टर नेपाल'को पोखरा अडिसन आज

**पोखरा/मस-** मिस्टर नेपालको गण्डकी प्रदेश अडिसन आज शनिबार हुँदै छ। १६औं संस्करणको मिस्टर नेपालका लागि यसपटक पनि क्षेत्रीय अडिसन गर्न लागिएको हो।

पोखरा अडिसन लेकसाइडस्थित होटेल बाराहीमा आयोजना गरिएको मिस्टर नेपाको गण्डकी प्रदेश निर्देशक आशिष पुरीले जानकारी दिए। पुरीका अनुसार अडिसनमा पोखरालगायत छिमेकी जिल्ला स्याङ्जा, तनहुँ, गोर्खा र बागलुङबाट पनि प्रतियोगी सहभागी हुनेछन्।




१८ वर्षदेखि ३२ वर्ष ननाघेका युवाहरुले सहभागिता जनाउन सक्ने प्रतियोगिताको आवेदन ई-सेवा तथा अडिसनमै वा सामाजिक सञ्जालबाट समेत प्राप्त गर्न सकिनेछ। प्रतियोगितामा विश्वका जुनै कुनामा रहेका ५ फिट ७ इन्च माथि उचाई भएका नेपाली नागरिकले सहभागिता जनाउन सक्नेछन्।

पोखरा अडिसनबाट करिब ५ देखि १० जना छनोट गरिने छ भने उनीहरुले फेरि काठमाडौंमा अडिसन दिनेछन्। देशभरका अडिसनबाट छनोट भएकाहरुबीच काठमाडौंमा फेरि अडिसन हुनेछ। जहाँबाट २५ जना छनोट हुनेछन्। उनीहरुलाई एक महिनाको प्रशिक्षण दिइनेछ।

प्रशिक्षणपछि काठमाडौंको याक एण्ड यतिमा ग्राण्ड फिनाले हुनेछ। पोखराबाहेक नेपालगञ्ज, बुटवल, चितवन, हेटौंडा, जनकपुर, दमक र विराटनगरमा अडिसन सम्पन्न भइसकेको छ। मिस्टर नेपालको विजेताले पाँच लाख बराबरको पुरस्कार प्राप्त गर्नेछन्।

यस्तै मिस्टर नेपालले मिस्टर वर्ल्डमा सहभागी हुने अवसर प्राप्त गर्नेछन् भने फर्स्ट रनरअपले मिस्टर ग्लोबल तथा सेकेन्ड रनरअपले मिस्टर टुरिजममा सहभागी हुने अवसर प्राप्त गर्नेछन्। मिस्टर नेपाल सन् २००२ देखि आयोजना हुँदै आएको छ।

## 'घरज्वाइँ' प्रदर्शनमा

**काठमाडौं/मस-** मगर समुदाय र संस्कृतिमा आधारित चलचित्र 'घरज्वाइँ'को शुक्रबारदेखि प्रदर्शन शुरु भएको छ। विवाह संस्कृतिलाई प्रस्तुत गरिएको उक्त चलचित्रको निर्देशन अनिल बुढा मगरले गरेका हुन्। चलचित्र 'घरज्वाइँ'ले मनोरञ्जनसँगै उक्त समुदायको संस्कृतिलाई नजिकबाट बुझ्न मद्दत गर्ने विश्वास गरिएको छ।

घर ज्वाइँ बस्ने परम्परालाई छोरीप्रतिको उच्च सम्मानका रुपमा सो चलचित्रमा देखाइएको छ। 'अन्य समुदायमा छोरीको विवाह गर्दा सोधखोज गर्ने चलन रहे पनि मगर समुदायमा घरमै राखेर ज्वाइँको परीक्षण गरिने परम्परा छ,' निर्देशक मगरले भने। उनले भविष्यमा दुःख परेमा ज्वाइँले कसरी



संघर्ष गर्छन् र छोरीलाई पाल्छन् भन्ने परीक्षाकै रुपमा घरज्वाइँ बस्ने परम्परालाई बुझ्न आग्रह गरे।

जिएम मुभिज र एबिएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्र 'घरज्वाइँ'मा दयाहाङ राई, मिरुना मगर, बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, कविता आले, शिला आलेलगायत कलाकारको अभिनय देख्न सकिन्छ। अभिनेत्री मिरुना मगरले आफू विदेशमा हुर्किएकाले यस संस्कृतिलाई नजिकबाट चलचित्रकै माध्यमले बुझ्न पाएको बताइन्।

उनले भनिन्, 'छोरी भएका कारण पनि घरज्वाइँ बस्ने परम्परा गज्जब लाग्यो। आफ्नो छोरीको खुसी जुनसुकै अभिभावकले पनि चाहनुहुन्छ, यसमा आफ्नै घरमा राखेर परीक्षण गरिन्छ। यसले छोरीलाई पाल्न सक्ने व्यक्ति भनेर पहिचान गराउँछ।'

## 'लोकर्नो चलचित्र महोत्सव'मा छानियो 'शाम्बाला'

**काठमाडौं/मस-** पहिलो चलचित्र 'कालोपोथी'मार्फत अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा बलियो उपस्थिति देखाएका निर्देशक मीनबहादुर भामको निर्देशनमा तयार भएको दोस्रो चलचित्र 'शाम्बाला' स्वीट्जरल्याण्डको विश्वप्रसिद्ध 'लोकर्नो चलचित्र महोत्सव'को ७७औं संस्करणमा छनोट भएको छ। आगामी साउन २३ देखि भदौ १ गतेसम (अगस्ट ७ देखि १७ सम्म) चल्ने महोत्सवअन्तर्गत अन्तर्राष्ट्रिय चलचित्रको 'पियाजा ग्राण्डे' विधामा फिल्म छनोट भएको चलचित्र 'शाम्बाला'को निर्माण टिमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। 'नवीनतम र फरक चलचित्रका लागि लोकार्नो प्रख्यात छ। अन्तर्राष्ट्रिय मञ्चमा नेपाली कथावस्तुलाई प्रस्तुत गर्न पाउँदा निकै उत्साहित छौं,' विज्ञाप्तिमा उल्लेख छ।



निर्देशक भामले यो चलचित्र निर्माण गर्न आठ वर्ष लागेको बताए। 'हामीले आठ वर्षदेखि यसको निर्माण गरिरहेका छौं, यो सफलता त्यो यात्रामा गरिएको दुःखको प्रतिफल हो, नेपाली चलचित्रलाई प्रतिनिधित्व गराउन पाउँदा हर्षित छौं,' निर्देशक भामले भने।

उनले चलचित्रको शुरुवात गर्दा 'चिसो वर्ष' नाम राखे पनि निर्माण पूरा भएपछि 'शाम्बाला' राखिएको जानकारी दिँदै यसमा मौलिकपना नहराओस् भनेर नेपालीसँगै तिब्बतको भाषा प्रयोग गरिएको बताए। उच्च हिमाली गाउँकी एक गर्भवतीलाई श्रीमानले छाडेपछि आफ्ना देवरलाई लिएर उनको खोजीमा हिँडेको कथा प्रस्तुत गरिएको चलचित्रलाई निर्देशक भामले अविनाश विक्रम शाहसँग मिलेर लेखेका हुन्। डोल्पाको चार हजार दुई सयदेखि छ हजारको उचाइमा दृश्यांकन गरिएको चलचित्रमा थिन्ले ल्हामो, सोनम तोप्द्न, तेन्जिङ डल्हाल, कार्म शाक्यलगायतले अभिनय गरेका छन्।

## मेकअप आर्टिस्ट उप्रेती सम्मानित




**काठमाडौं/मस-** मेकअप आर्टिस्ट गिता उप्रेती सम्मानित भएकी छन्। मिस एण्ड मिसेस ब्युटिफुलका आठौं र नवौं संस्करणमा उनलाई सम्मान गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य ज्ञानेन्द्र शाही, विशिष्ट अतिथि संगीतरत्न शम्भुजित बास्कोटा र कार्यक्रम व्यवस्थापक टेकराज पाण्डेले गिता उप्रेतीलाई सम्मानपत्र, खादा, माला र दोसल्लाले सम्मान अर्पण गरेका थिए।

सौन्दर्य क्षोत्रमामार्फत समाजसेवामा पुर्‍याएको योगदानको उच्च मूल्यांकन गर्दै उनलाई सम्मान गरिएको आयोजकले जनाएको छ। उप्रेती विगत लामो समयदेखि सौन्दर्य क्षेत्रमा संलग्न रहँदै आएकी छन्। समाजमा रहेर आफूलाई स्थापित गर्ने क्रममा उप्रेतीले एक दशकदेखि सौन्दर्य तथा विभिन्न व्यक्तिहरुलाई तालिम दिँदै आएकी छन्। दक्ष इन्टरनेशनल र राज ब्युटी एकेडेमी एण्ड मेकअप स्टुडियोको आयोजनामा सम्पन्न भएको 'मिस एण्ड मिसेस ब्युटिफुल नेपाल २०२४'मा नवौं संस्करणको 'मिस ब्युटिफुलको कार्यक्रम बीच मेकप आर्टिस्ट उप्रेतीलाई सम्मान गरिएको हो।

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ